# नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित

नेपाल सरकार
शिक्षा मन्त्रालयको
सूचना १

## शिक्षा (छैठौं संशोधन) नियमावली, २०६७

शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "शिक्षा (छैठौं संशोधन) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षा नियमावली,२०५९ को नियम २ मा संशोधन**: शिक्षा नियमावली, २०५९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (छ१) मा रहेका "स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थाले" भन्ने शब्दहरुको सट्टा "स्थानीय निकाय वा व्यवस्थापन समितिले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (छ३) मा रहेका "नियम २२च." भन्ने शब्दहरूको सट्टा "नियम ९६क." भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (झ) मा रहेका "प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा," भन्ने शब्दहरु झिकिएका छन् ।

३. **मूल नियमावलीको नियम ५ मा संशोधन**: मूल नियमावलीको नियम ५ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) उपनियम (१) वा (३) बमोजिम जिल्ला शिक्षा अधिकारी वा निर्देशकले विद्यालय खोल्ने अनुमति दिंदा मन्त्रालयले स्वीकृत गरेको विद्यालय नक्साङ्कन र विद्यालय खोल्ने अनुमति सम्बन्धमा निर्धारण गरेको संख्याको अधीनमा रही दिनु पर्नेछ।"

४. **<u>मूल नियमावलीमा नियम ८क. र ८ख.थप :</u>** मूल नियमावलीको नियम ८ पछि देहायका नियम ८क. र ८ख.थपिएका छनः-

"८क. **<u>मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्ने सम्बन्धी व्यवस्था</u>** : (१) ऐनको दफा ३ को उपदफा (७घ) बमोजिम मुनाफा नलिने गरी सार्वजनिक शैक्षिक गुठी अर्न्तगत विद्यालय सञ्चालन गर्न निवेदन दिने तथा त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी कार्यविधि नियम ३, ५,७ र १३ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार अनुसूची-११ख. मा उल्लेख भए बमोजिम हुनेछ।

८ख. **<u>कम्पनी अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्था:</u>** (१) कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले स्वीकृतिको लागि अनुसूची-११ग.बमोजिमको ढाँचामा जिल्ला शिक्षा अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा जिल्ला शिक्षा अधिकारीले निरीक्षक वा अन्य अधिकृतद्वारा त्यस्तो विद्यालयको जाँचबुझ गराई प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीले निवेदन साथ प्राप्त कागजात जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिव देखिएमा जिल्ला शिक्षा समितिको स्वीकृति लिई प्राथमिक विद्यालय र निम्न माध्यमिक विद्यालयको हकमा आफैंले स्वीकृति दिनेछ र माध्यमिक विद्यालयको हकमा जिल्ला शिक्षा समितिको राय सहित प्राप्त निवेदन निर्देशक समक्ष पठाउनु पर्नेछ।

(४) उपनियम (४) बमोजिम प्राप्त निवेदन सहितको कागजात जाँचबुझ गर्दा त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न दिन मनासिव देखिएमा निर्देशकले त्यस्तो विद्यालयलाई स्वीकृति प्रदान गर्नेछ।

(५) यस नियम बमोजिम दिइने स्वीकृतिको ढाँचा अनुसूची ११घ.बमोजिम हुनेछ ।"

५. <u>**मूल नियमावलीको नियम १० मा संशोधन**</u> : मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर

(१) नियम ८क. बमोजिम विद्यालय सञ्चालन गर्ने अनुमति लिंदा धरौटी राख्नु पर्ने छैन ।

(२) निजामती सेवा नियमावली, २०५० को नियम ८०क. को प्रयोजनको लागि "क वर्ग" मा पर्ने भौगोलिक क्षेत्रमा विद्यालय खोल्दा उल्लिखित रकमको आधा रकम धरौटी लाग्नेछ ।

(२) उपनियम (१क) र (२) झिकिएका छन् ।

६. <u>**मूल नियमावलीको नियम १४ मा संशोधन**</u>: मूल नियमावलीको नियम १४ को खण्ड (ञ) पछि देहायका खण्ड (ञ१) र (ञ२) थपिएका छन् :-

"(ञ१) उच्च माध्यमिक विद्यालयलाई नेपाल सरकारबाट उपलब्ध गराइएको रकमको व्यवस्थापन गर्ने,

(ञ२) विद्यालयमा अध्यापन गर्न चाहने विदेशी स्वयंसेवकको कार्य क्षेत्र तोक्ने तथा निजको कार्यको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने,"

७. <u>**मूल नियमावलीको नियम १५ मा संशोधन**</u> : मूल नियमावलीको नियम १५ को,-

(१) खण्ड (ज) झिकिएको छ ।

(२) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) विद्यालयको लेखा परीक्षणको पुनरावलोकन गर्ने, गराउने,"

८. <u>**मूल नियमावलीको नियम १६ मा संशोधन**</u> : मूल नियमावलीको नियम १६ को,-

(१) खण्ड (प)को सट्टा देहायको खण्ड (प) राखिएको छ :-

"(प) लेखा परीक्षकको लागि व्यवस्थापन समितिले सिफारिस गरेको नामावलीबाट लेखापरीक्षकको नियुक्ति गर्ने,"

(२) खण्ड (य) पछि देहायका खण्ड (य१) थपिएको छः-

"(य१) विद्यालय व्यवस्थापन समिति र शिक्षक- अभिभावक संघ गठन गर्ने वा गराउने,"

९. **मूल नियमावलीको नियम १७ मा संशोधन :** मूल नियमावलीको नियम १७ को खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छः-

"(त) शिक्षकहरूको हाजिरी अभिलेख दुरुस्त भए नभएको छड्के जाँच वा निरीक्षण गरी विदा नलिई अनुपस्थित शिक्षकको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउसहित कारबाहीको लागि सम्बन्धित व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीलाई सिफारिस गर्ने,"

१०. **मूल नियमावलीमा नियम २१क.थप** : मूल नियमावलीमा नियम २१ पछि देहायको नियम २१क. थपिएको छः-

"२१क. **गाउँ शिक्षा समितिको कार्यालयः** (१) गाउँ शिक्षा समितिको कार्यालय सम्बन्धित गाउँ विकास समितिको क्षेत्रभित्रको कुनै विद्यालयमा रहनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला शिक्षा कार्यालयले स्रोत व्यक्तिको कार्यालय र गाउँ शिक्षा समितिको कार्यालय एकै ठाउँमा रहने गरी तोक्न सक्नेछ ।

(३) गाउँ शिक्षा समितिको कार्यालयको व्यवस्थापन स्रोत व्यक्तिले गर्नेछ ।"

११. **मूल नियमावलीको २२ मा संशोधन :** मूल नियमावलीको नियम २२को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क) गाउँ शिक्षा समितिको बैठकमा गाउँ विकास समिति क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।"

१२. **मूल नियमावलीको नियम २२क. मा संशोधनः** मूल नियमावलीको नियम २२क. को सट्टा देहायको नियम २२क. राखिएको छ :-

"२२क. **सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन निवेदन दिनु पर्नेः** (१) कुनै सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन चाहने स्थानीय निकाय वा व्यवस्थापन समितिले देहायका कागजात संलग्न गरी अनुसूची-११क. बमोजिमको ढाँचामा जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) सामुदायिक विद्यालय व्यवस्थापन सुधार सम्बन्धी कम्तीमा तीन वर्षे कार्य योजना,

(ख) व्यवस्थापन समितिले जिम्मा लिने भए विद्यालयको व्यवस्थापन जिम्मा लिने सम्बन्धमा व्यवस्थापन समितिको निर्णय,

(ग) स्थानीय निकायले जिम्मा लिने भए सम्बन्धित व्यवस्थापन समितिको सहमति सहित सम्बन्धित स्थानीय निकायको सो प्रयोजनको लागि भएको निर्णय ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा जिल्ला शिक्षा अधिकारीले निवेदकको माग बमोजिम विद्यालयको व्यवस्थापन जिम्मा दिन हुने वा नहुने सम्बन्धमा आवश्यकता अनुसार आफैं वा आफ्नो मातहतको कुनै अधिकृतद्वारा विद्यालयको स्थलगत निरीक्षण गर्नु वा गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात तथा उपनियम (२) बमोजिम गरिएको स्थलगत निरीक्षण प्रतिवेदन जाँचबुझ गर्दा सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिन मनासिव देखिएमा जिल्ला शिक्षा अधिकारीले निवेदकलाई त्यस्तो विद्यालयको व्यवस्थापन जिम्मा दिनेछ ।

(४) उपनियम (३) बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिंदा जिल्ला शिक्षा अधिकारीले व्यवस्थापन जिम्मा लिने स्थानीय निकाय वा व्यवस्थापन समितिसँग विद्यालय सञ्चालन सम्बन्धमा सम्झौता गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त विद्यालयको व्यवस्थापनको जिम्मेवारी, विद्यालयको सम्पतिको संरक्षण, शैक्षिक कार्यक्रम सञ्चालन गर्दा पालना गर्नु पर्ने शर्तहरु तथा सम्झौता अन्त्य गर्न सकिने आधार उल्लेख गर्नु पर्नेछ ।

(६) जिल्ला शिक्षा अधिकारीले उपनियम (३) बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिएको जानकारी अभिलेखको लागि निर्देशनालय, विभाग र शिक्षक कितावखानालाई दिनु पर्नेछ ।"

१३. **मूल नियमावलीको नियम २२ग.मा संशोधनः** मूल नियमावलीको नियम २२ग.को खण्ड (ग) झिकिएको छ ।

१४. **मूल नियमावलीको नियम २२घ.मा संशोधन** : मूल नियमावलीको नियम २२घ.को ठाँउ ठाउँमा रहेका "स्थानीय निकाय वा संस्थाको" भन्ने शब्दहरूको सट्टा "स्थानीय निकायको" भन्ने शब्दहरू राखिएका छन् ।

१५. **मूल नियमावलीको नियम २२छ. मा संशोधनः** मूल नियमावलीको नियम २२छ. को उपनियम (४) को खण्ड (ख) र (ग) झिकिएका छन् ।

१६. **मूल नियमावलीको नियम २२ञ.मा संशोधन :** मूल नियमावलीको नियम २२ञ.को,-

(१) उपनियम (१) मा रहेका "स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थाले" भन्ने शब्दहरूको सट्टा "स्थानीय निकाय वा व्यवस्थापन समितिले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिम स्थानीय निकाय वा व्यवस्थापन समितिले बनाएको विद्यालय सञ्चालन कार्यविधि जिल्ला शिक्षा अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।"

१७. <u>मूल नियमावलीको नियम २३ मा संशोधन</u>: मूल नियमावलीको नियम २३ को,-

(१) उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर निर्धारित पदावधि समाप्त भएको कारण अध्यक्ष वा सदस्य छनौट गर्ने प्रयोजनको लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै र अन्य अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएमा पदपूर्ति गर्नको लागि त्यसरी रिक्त भएको पन्ध्र दिनभित्र अभिभावकहरूको भेला गराउनु पर्नेछ ।"

(२) उपनियम (२) मा रहेको "प्रधानाध्यापकले" भन्ने शब्दको सट्टा "उपनियम (३) बमोजिमको समितिले" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (१) बमोजिम अध्यक्ष वा सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित निरीक्षक वा निज उपलब्ध नभएमा जिल्ला शिक्षा कार्यालयले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक, श्रोत व्यक्ति र स्थानीय निकायको प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।"

(४) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएकोछ :-

"(४) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनौट सम्बन्धी अन्य कार्यविधि जिल्ला शिक्षा समितिले तोके बमोजिम हुनेछ ।"

१८. <u>मूल नियमावलीको नियम २३क. मा संशोधन</u>: मूल नियमावलीको नियम २३क.मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यहरूमध्ये उमेरको हिसाबले सबैभन्दा ज्येष्ठ सदस्यले स्वीकृत गर्नेछ ।"

१९. मूल नियमावलीको नियम २४ मा संशोधनः मूल नियमावलीको नियम २४ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै मात्र अभिभावक मानिनेछ ।"

२० . मूल नियमावलीमा नियम २४क.थपः मूल नियमावलीको नियम २४ पछि देहायको नियम २४क.थपिएको छ :-

"२४क. व्यवस्थापन समितिको सदस्य हुन उपलब्ध गराउनु पर्ने रकम, घर वा जग्गाः ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ङ१) को प्रयोजनको लागि सामुदायिक विद्यालयलाई पचास हजार रूपैयाँभन्दा बढी रकम, घर वा जग्गा उपलब्ध गराउने चन्दादाताहरूमध्ये सबभन्दा बढी रकम, घर वा जग्गा उपलब्ध गराउने व्यक्तिलाई व्यवस्थापन समितिको सदस्यमा मनोनीत गर्नु पर्नेछ ।"

२१. मूल नियमावलीको नियम २५ मा संशोधनः मूल नियमावलीको नियम २५ को उपनियम (१) को,-

(१) खण्ड (ढ१)को सट्टा देहायको खण्ड (ढ१) राखिएको छ :-

"(ढ१)विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरूमध्येबाट कम्तीमा तीन जना लेखा परीक्षकको नाम नियुक्तिको लागि जिल्ला शिक्षा अधिकारी समक्ष सिफारिस गर्ने,"

(२) खण्ड (ढ१) पछि देहायको खण्ड (ढ२) थपिएको छ :-

"(ढ२) विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,"

२२. मूल नियमावलीको नियम २६ मा संशोधनः मूल नियमावलीको नियम २६ को उपनियम (१) को खण्ड (ञ)को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरूमध्येबाट कम्तीमा तीन जना लेखा परीक्षकको नाम नियुक्तिको लागि जिल्ला शिक्षा अधिकारी समक्ष सिफारिस गर्ने,"

२३. मूल नियमावलीमा नियम २६क. थपः मूल नियमावलीको नियम २६ पछि देहायको नियम २६क. थपिएको छ :-

"२६क. <u>उच्च माध्यमिक विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था</u>: (१) उच्च माध्यमिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक उच्च माध्यमिक विद्यालयमा एक व्यवस्थापन समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको व्यवस्थापन समितिको गठन, अध्यक्ष तथा सदस्यको पदावधि, काम, कर्तव्य र अधिकार, बैठक सम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था माध्यमिक तहको सामुदायिक विद्यालय व्यवस्थापन समिति वा संस्थागत विद्यालय व्यवस्थापन समिति सरह हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उच्च माध्यमिक शिक्षा ऐन, २०४६ को दफा ३.२ बमोजिम उच्च माध्यमिक शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिको गठन, काम, कर्तव्य, अधिकार तथा अन्य व्यवस्था उच्च माध्यमिक शिक्षा नियमावली, २०५२ बमोजिम हुनेछ ।"

२४. <u>मूल नियमावलीको नियम २९ मा संशोधन</u>: मूल नियमावलीको नियम २९ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,"

२५. <u>मूल नियमावलीको नियम ३२ मा संशोधन</u>: मूल नियमावलीको नियम ३२ को उपनियम (१)को,-

(१) खण्ड (ङ१) पछि देहायको खण्ड (ङ२) थपिएको छ :-

"(ङ२) निर्देशक, अनौपचारिक शिक्षा केन्द्र -सदस्य"

(२) खण्ड (ढ) मा रहेको "महानिर्देशक" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन् ।

२६. <u>मूल नियमावलीको नियम ३३ मा संशोधन</u>: मूल नियमावलीको नियम ३३ को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छ :-

"(छ१) पाठ्यक्रम विकास तथा गुणस्तर सम्बन्धी आवश्यक काम गर्ने,"

२७. <u>मूल नियमावलीको नियम ३९ मा संशोधन</u>: मूल नियमावलीको नियम ३९ को सट्टा देहायको नियम ३९ राखिएको छ :-

"३९. <u>प्राथमिक शिक्षा सिकाई उपलब्धि परीक्षण सम्बन्धी व्यवस्था :</u> (१) प्राथमिक तहका कक्षा तीन र पाँचका विद्यार्थीहरूको सिकाई उपलब्धि परीक्षण गर्नको लागि प्रत्येक श्रोत केन्द्रमा देहाय बमोजिमको एक सिकाई उपलब्धि परीक्षण समिति रहनेछ:-

(क) श्रोतकेन्द्र रहेको विद्यालयको प्रधानाध्यापक -अध्यक्ष

(ख) श्रोतकेन्द्र अर्न्तगतका विद्यालयका शिक्षकहरूमध्येबाट सबै तहका शिक्षकहरूको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला सहित सिकाई उपलब्धि परीक्षण समितिका अध्यक्ष तथा सदस्य-सचिवको सिफारिसमा सम्बन्धित विद्यालय निरीक्षकले मनोनीत गरेका तीनजना -सदस्य

(ग) श्रोतव्यक्ति -सदस्य-सचिव

(३) उपनियम (१) को खण्ड (ख) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले विद्यार्थीको सिकाई उपलब्धि परीक्षण गर्न आवश्यक पर्ने परीक्षा सम्बन्धी सम्पूर्ण काम गर्नेछ ।

(५) उपनियम (१) बमोजिमको समितिलाई विद्यार्थीको सिकाई उपलब्धि परीक्षण गर्न आवश्यक पर्ने परीक्षा सम्बन्धी सम्पूर्ण काममा सहयोग पुऱ्याउनु विद्यालयको कर्तव्य हुनेछ ।"

२८. <u>मूल नियमावलीको नियम ४० मा संशोधनः</u> मूल नियमावलीको नियम ४० को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) निम्न माध्यामिक शिक्षा उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रण गर्नको लागि देहाय बमोजिमको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति रहनेछ :-

(क) जिल्ला शिक्षा अधिकारी -अध्यक्ष

(ख) निम्न माध्यमिक र माध्यमिक तहका विद्यालयका शिक्षकहरूको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिला सहित जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेका तीनजना -सदस्य

(ग) जिल्ला शिक्षा कार्यालयको परीक्षा शाखा हेर्ने अधिकृत -सदस्य-सचिव"

(२) उपनियम (३) झिकिएको छ ।

२९. <u>मूल नियमावलीको नियम ४१ मा संशोधन</u>: मूल नियमावलीको नियम ४१ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएकोछ :-

"(१क) उपनियम (१) को खण्ड (ङ) बमोजिम प्रमाणपत्र दिंदा परीक्षा समितिले विषयगत उत्तीर्ण पद्धति (सब्जेक्ट वाईज पास सिष्टम) अवलम्वन गरी जतिवटा विषयमा विद्यार्थी उत्तीर्ण भएको हुन्छ त्यतिवटा विषयको मात्र प्रमाणपत्र दिनेछ।"

३०. <u>मूल नियमावलीमा नियम ४७क. थप</u>: मूल नियमावलीको नियम ४७ पछि देहायको नियम ४७क. थपिएको छ :-

"४७क. <u>माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सहभागी हुन पाउने</u>: कक्षा दशमा कम्तीमा पचहत्तर प्रतिशत हाजिरी भई नियमित रूपमा अध्ययन गरेको विद्यार्थी मात्र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सहभागी हुन पाउनेछ।

तर दूर शिक्षाको माध्यमबाट अध्ययन गर्ने विद्यार्थीको हकमा दूर शिक्षा सम्बन्धी निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ।"

३१. <u>मूल नियमावलीको नियम ५४ मा संशोधन</u> : मूल नियमावलीको नियम ५४ को उपनियम(१)को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत -सदस्य"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) जिल्ला शिक्षा अधिकारी - सदस्य"

(३) खण्ड (घ) र (ज) झिकिएका छन्।

(४) खण्ड (झ) र (ट) को सट्टा देहायका खण्ड (झ) र (ट) राखिएका छन् : -

"(झ) दलित तथा अपांगहरूमध्येबाट कम्तीमा एक जना महिला सहित जिल्ला अनौपचारिक शिक्षा समितिले मनोनीत गरेको दुईजना -सदस्य

(ट) जिल्ला शिक्षा कार्यालयको अनौपचारिक शिक्षा कार्यक्रम हेर्ने अधिकृत -सदस्य- सचिव"

३२. <u>मूल नियमावलीको नियम ५८ मा संशोधन</u>: मूल नियमावलीको नियम ५८ को खण्ड (ज) पछि देहायका खण्ड (ज१) र (ज२) थपिएका छन् :-

"(ज१) दूर शिक्षाको परीक्षा सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ज२) दूर शिक्षा सम्बन्धी अन्य काम गर्ने,"

३३. <u>मूल नियमावलीको नियम ६५ मा संशोधन</u>: मूल नियमावलीको नियम ६५ को,-

(१) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (२) बमोजिम शिक्षक व्यवस्था गर्दा त्यस्तो विद्यालयले यो उपनियम प्रारम्भ हुनु अघि संस्थाको हैसियतमा विशेष शिक्षा सञ्चालन गर्दा नेपाल सरकार वा विशेष शिक्षा परिषद्बाट शिक्षक तलबभत्ताको लागि अनुदान पाएको शिक्षक संख्यामा नबढ्ने गरी मात्र शिक्षक सङ्ख्याको व्यवस्था गर्न सकिनेछ ।"

(२) उपनियम (३) मा रहेको "संस्थामा" भन्ने शब्दको सट्टा "विद्यालयमा" भन्ने शब्द राखिएको छ ।

(३) उपनियम (४) मा रहेको "मन्त्रालयले" भन्ने शब्दको सट्टा "जिल्ला शिक्षा अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपनियम (५) पछि देहायका उपनियम (६) र (७) थपिएका छन् : -

"(६) यस नियम बमोजिम विशेष शिक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा, शर्त र सुविधा अन्य सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी सरह हुनेछ ।

(७) यस नियम बमोजिम नियुक्त शिक्षक विशेष शिक्षा दिने विद्यालयमा वाहेक अन्य विद्यालयमा सरुवा हुने छैन ।"

३४. मूल नियमावलीको नियम ७८ मा संशोधन : मूल नियमावलीको नियम ७८ को,-

(१) उपनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) कक्षा नौमा भर्ना हुनको लागि निम्न माध्यमिक तहको अन्तिम परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,"

(२) उपनियम (६) मा रहेका "भर्ना र" भन्ने शब्दहरू पछि "जुन सालको परीक्षामा सम्मिलित हुने हो सोही सालको चैत्र मसान्तसम्ममा" भन्ने शब्दहरू थपिएका छन् ।

३५. मूल नियमावलीमा नियम ७९ मा संशोधनः मूल नियमावलीको नियम ७९ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) जिल्ला शिक्षा कार्यालयले निजी रूपमा अध्ययन गरेको व्यक्तिलाई विद्यालयले सिफारिस गरेको निजको क्षमता र स्तरको आधारमा विद्यालयबाट लिइने कक्षा आठसम्मको वार्षिक परीक्षामा सामेल हुनको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।"

(२) उपनियम (२) मा रहेको “तोकेको विद्यालयमा” भन्ने शब्दहरुको सट्टा “तोकेको विद्यालय र समयमा” भन्ने शब्दहरू राखिएका छन्।

३६. <u>मूल नियमावलीको नियम ८४ मा संशोधन</u>: मूल नियमावलीको नियम ८४ को उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छ :-

“(७) भौतिक पूर्वाधार पूरा गरेका विद्यालयले तोकिएको पाठ्यभारमा नघट्ने गरी विद्यार्थी संख्याको आधारमा एकै दिनमा एकभन्दा बढी समय (सिफ्ट) मा कक्षा सञ्चालन गर्न सक्नेछ ।”

३७. <u>मूल नियमावलीको नियम ९३ मा संशोधन</u>: मूल नियमावलीको नियम ९३ को सट्टा देहायको नियम ९३ राखिएको छ :-

“९३. <u>प्रधानाध्यापक सम्बन्धी व्यवस्था</u>: (१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि प्राथमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह, निम्न माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह वा सो सरह र माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरूमध्येबाट दरखास्त आव्हान गर्नेछ ।

तर शिक्षाशास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउनेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त आव्हान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेको म्यादभित्र विद्यालय विकास प्रस्ताव सहित व्यवस्थापन समिति समक्ष दरखास्त दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले शिक्षक छनौट समिति समक्ष पठाउने छ ।

(५) उपनियम (४) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनौट समितिले अनुसूची-१३ मा उल्लिखित आधारमा मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई

प्रधानाध्यापकको पदमा नियुक्ति गर्न व्यवस्थापन समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

तर साठी अंक प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन ।

(६) उपनियम (५) बमोजिम सिफारिस प्राप्त भएमा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यदक्षता करार गरी समुदायद्वारा सञ्चालित विद्यालय भए व्यवस्थापन समिति आफैंले त्यस्तो उम्मेदवारलाई प्रधानाध्यापकमा नियुक्ति गर्नेछ र अन्य सामुदायिक विद्यालय भए त्यस्तो उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि आवश्यक कागजात सहित जिल्ला शिक्षा कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम लेखी आएमा जिल्ला शिक्षा अधिकारीले निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यदक्षता करार गरी पन्ध्र दिनभित्र सम्बन्धित उम्मेदवारलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(८) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः सो पदमा नियुक्त हुन सक्नेछ ।

(९) प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा सम्बन्धित निरीक्षकले दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा जिल्ला शिक्षा अधिकारीले निजलाई प्रधानाध्यापकको पदबाट जहिलेसुकै हटाउन सक्नेछ ।

तर समुदायद्वारा सञ्चालित विद्यालयको प्रधानाध्यापकको हकमा उल्लेखित आधारमा व्यवस्थापन समिति आफैले हटाउन सक्नेछ ।

(१०) उपनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(११) सामुदायिक विद्यालयको प्रधानाध्यापकले देहाय बमोजिम मासिक भत्ता पाउनेछ :-

(क) माध्यमिक विद्यालयको प्रधानाध्यापकले- पाँच सय रूपैयाँ

(ख) निम्न माध्यमिक विद्यालयको प्रधानाध्यापकले- तीन सय रूपैयाँ

(ग) प्राथमिक विद्यालयको प्रधानाध्यापकले- दुई सय रुपैयाँ

(१२) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

तर कुनै विद्यालयमा एकभन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम शिक्षकले निमित्त भई काम गर्नेछ ।

(१३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

(१४) उपनियम (१३) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा जुन तहको विद्यालय हो सोही तहमा अध्यापन गराउन चाहिने न्यूनतम शैक्षिक योग्यता भएको शिक्षकलाई मात्र प्रधानाध्यापकको पदमा नियुक्ति गर्नु पर्नेछ ।

(१५) प्रधानाध्यापकको उम्मेदवार हुने शिक्षकले यस नियम बमोजिम व्यवस्थापन समिति समक्ष पेश गर्ने विद्यालय विकास प्रस्ताव अनुसूची-१३क. को ढाँचामा तयार गर्नु पर्नेछ ।

(१६) यस नियममा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको शैक्षिक योग्यता पुरा गरी यो नियम प्रारम्भ हुँदाका बखत कार्यरत प्रधानाध्यापकले व्यवस्थापन समिति मार्फत शिक्षक छनौट समितिमा पेश गरेको विद्यालय विकास प्रस्ताव स्वीकृत भएमा निज नियुक्ति हुँदाका बखत तोकिएको शर्तको अधीनमा रही उपनियम (८) बमोजिमको अवधिसम्म प्रधानाध्यापक पदमा कायमै रहनेछ ।”

३८. <u>मूल नियमावलीको नियम ९६ मा संशोधनः</u> मूल नियमावलीको नियम ९६ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ :-

"(१) नियम ९५ बमोजिम शिक्षक नियुक्ति गर्दा महिला शिक्षिकाको हकमा छ महिना र पुरुष शिक्षकको हकमा एक वर्षको परीक्षण कालमा रहने गरी नियुक्ति गरिनेछ ।"

(२) उपनियम (२) मा रहेका " नियुक्ति गर्ने अधिकारीले " भन्ने शव्दहरु पछि "परीक्षणकाल

अवधि भित्र जुनसुकै बखत" भन्ने शव्दहरु थपिएका छन् ।

३९. **मूल नियमावलीमा नियम ९६क. थपः** मूल नियमावलीको नियम ९६ पछि देहायको नियम ९६क. थपिएको छ :-

"९६क. **शिक्षक छनौट समितिः** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न, समुदायद्वारा सञ्चालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्ति भएका शिक्षकको वढुवाको लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ :-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत -सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरूमध्येबाट उपलब्ध भएसम्म एकजना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना -सदस्य

(घ) प्रधानाध्यापक -सदस्य-सचिव"

(२) उपनियम (१) बमोजिम प्रधानाध्यापकको नियुक्तिको लागि सिफारिस गर्न बसेको शिक्षक छनौट समितिको बैठकमा सो विद्यालयको

प्रधानाध्यापकमा उम्मेदवार नभएको उपलब्ध वरिष्ठतम शिक्षकले सदस्य-सचिव भई कार्य गर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(५) आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(६) उपनियम (१) को खण्ड (ग) को प्रयोजनको लागि जिल्ला शिक्षा कार्यालयले विषेशज्ञको सूची अद्यावधिक गरी राख्नु पर्नेछ ।

(७) शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र जिल्ला सदरमुकाम वा स्रोत केन्द्रमा राख्नु पर्नेछ ।

(८) शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।”

४०. <u>मूल नियमावलीको नियम ९७ मा संशोधन</u> : मूल नियमावलीको नियम ९७ को सट्टा देहायको नियम ९७ राखिएको छ :-

“९७. <u>करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः</u> (१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले जिल्ला शिक्षा कार्यालयमार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित भएको सूची प्राप्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त सूचीमा रहेका उम्मेदवारहरूमध्येबाट व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारको शिक्षक पदमा नियुक्त हुन निवेदन नपरेमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा जिल्ला शिक्षा कार्यालयबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर मात्र

नियुक्ति गर्नु पर्नेछ र माध्यमिक तथा निम्न माध्यमिक तहमा विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) उपनियम (३) बमोजिम शिक्षक नियुक्तिको लागि गरिएको विज्ञापनको सूचना जिल्ला शिक्षा कार्यालय, सम्बन्धित विद्यालयको स्रोत केन्द्र र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा टाँस्नु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र र अनुसूची-१४ बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी जिल्ला शिक्षा कार्यालयलाई दिनु पर्नेछ ।

(८) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले यसरी स्थायी पद पूर्ति नभएसम्मका लागि एक पटकमा छ महिनामा नबढाई करारको म्याद थप गर्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिम म्याद थपिएको जानकारी विद्यालयले जिल्ला शिक्षा कार्यालयलाई दिनु पर्नेछ ।

(१०) यस नियम बमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरिएमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो नियुक्ति बदर गर्नु पर्नेछ ।"

४१. **मूल नियमावलीमा नियम ९७क. थप** : मूल नियमावलीको नियम ९७ पछि देहायको नियम ९७क. थपिएको छ :-

"९७क. **सेवारत अस्थायी शिक्षक सम्बन्धी व्यवस्थाः** यो नियम प्रारम्भ हुनु अघि अस्थायी रूपमा शिक्षक पदमा नियुक्त भई यो नियम प्रारम्भ हुँदाका बखतसम्म सेवारत अस्थायी शिक्षकको हकमा सो पदमा स्थायी पदपूर्ति नभएसम्मका लागि एक पटकमा छ महिनामा नबढाई संवत् २०७० साल चैत्र मसान्तसम्म म्याद थप गर्न सकिनेछ ।"

४२. **मूल नियमावलीको नियम ९९ मा संशोधन** : मूल नियमावलीको नियम ९९ को,-

(१) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन्:-

"(२क) ऐनको दफा १६ज.को उपदफा (३) मा लेखिएको अवस्थामा बाहेक स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष

वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक जिल्लाबाट अर्को जिल्लामा सरुवा गरिने छैन् ।

(२ख) कुनै शिक्षक सरुवा भएमा सरुवा भएको एक्काईस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई रमानापत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र जिल्ला शिक्षा कार्यालयलाई समेत दिनु पर्नेछ ।"

(२) उपनियम (३) झिकिएको छ ।

४३. <u>मूल नियमावलीको नियम १०४ मा संशोधन</u> : मूल नियमावलीको नियम १०४ को सट्टा देहायको नियम १०४ राखिएको छ :-

"१०४.<u>चाडपर्व खर्च पाउने</u> :(१) शिक्षकले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ ।

(२) उपनियम (१) बमोजिमको रकम शिक्षकले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानि लिन सक्नेछ ।

(३) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त शिक्षकलाई निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा दिइनेछ ।"

४४. <u>मूल नियमावलीमा नियम १०५क. थप</u> : मूल नियमावलीको नियम १०५ पछि देहायको नियम १०५क. थपिएको छ :-

"१०५क. <u>संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति, पारिश्रमिक तथा सेवा शर्त सम्बन्धी व्यवस्था</u>: (१) संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धी व्यवस्था संस्थागत विद्यालयले प्रचलित कानून बमोजिम बनाउने आफ्नो विनियमद्वारा व्यवस्थित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाउने विनियममा अन्य कुराको अतिरिक्त देहायका कुराहरु समेत उल्लेख हुनु पर्नेछ :-

(क) नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुरुपको तलब,

(ख) स्थायी शिक्षक तथा कर्मचारीको हकमा तलबको दश प्रतिशत संचय कोषकट्टी गर्ने र सोही बराबरको रकम विद्यालयले थप गर्नु पर्ने व्यवस्था,

(ग) एक महिनाको तलब बरावरको वार्षिक चाडपर्व खर्च,

(घ) शिक्षक तथा कर्मचारीहरुले पाउने विभिन्न विदाहरु,

(ङ) अस्थायी नियुक्ति भएको शिक्षक स्थायी हुन सक्ने वा करारमा नियुक्ति भएको शिक्षक अस्थायी वा स्थायी नियुक्ति हुन सक्ने शर्त तथा प्रक्रिया,

(च) शिक्षकको  विभागीय कारबाही सम्बन्धी व्यवस्था ।

(३) यस नियम बमोजिम विनियम नबनाउने, शिक्षकलाई नियुक्तिपत्र नदिने तथा तलब र सुविधा उपलब्ध  नगराउने संस्थागत विद्यालयलाई ऐन बमोजिम कारबाही गरिनेछ ।"

४५. <u>मूल नियमावलीको नियम १०६ मा संशोधन</u> : मूल नियमावलीको नियम १०६ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएकोछ :-

"(घ१)  प्रसुति स्याहार बिदा पन्ध्र दिन,"

(ख) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएकोछः-

"(ज) बेतलवी बिदा बढीमा पाँच वर्ष,"

(२) उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएकोछः-

"(६क) कुनै पुरुष शिक्षकको पत्नी सुत्केरी हुने भएमा त्यस्तो शिक्षकले सुत्केरीको अघि वा पछि गरी सुत्केरी स्याहार बिदा पाउनेछ । सुत्केरी स्याहार बिदामा बसेको शिक्षकले पूरा तलब पाउनेछ र यस्तो विदा सेवा अवधि भरमा दुई पटक मात्र दिइनेछ ।"

(३) उपनियम (९) पछि देहायका उपनियम (९क) र (९ख) थपिएका छन् :-

"(९क) कुनै शिक्षकको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा नियोगमा खटिई गएको प्रमाण सहित त्यस्तो शिक्षकले वेतलवी विदा माग गरेमा एकैपटक वा पटक पटक गरी तमाम नोकरी अवधिभर पाँच वर्षसम्म बेतलबी बिदा पाउनेछ ।"

(९ख)  बेतलवी विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।"

४६. <u>मूल नियमावलीको १०७ मा संशोधन</u>: मूल नियमावलीको नियम १०७ को उपनियम (२) मा रहेका "असाधारण विदा" भन्ने शब्दहरूको सट्टा "असाधारण विदा, बेतलबी बिदा" भन्ने शब्दहरू राखिएका छन् ।

४७. **मूल नियमावलीको ११४क. मा संशोधन** : मूल नियमावलीको ११४क. को उपनियम (१) मा रहेका "यो नियम प्रारम्भ भएको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "संवत् २०६९ चैत्र मसान्त भित्र" भन्ने शब्दहरू राखिएका छन् ।

४८. **मूल नियमावलीको नियम १२२ मा संशोधन**: मूल नियमावलीको नियम १२२ को उपनियम (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर निवृत्तभरण पाउने गरी सेवाबाट अलग भएको शिक्षकले उपचार खर्च बापत लिन बाँकी रकममा बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको शिक्षकले क्रमशः दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।"

४९. **मूल नियमावलीको नियम १२३ मा संशोधन**: मूल नियमावलीको नियम १२३ को,-

(१) उपनियम (१) मा रहेका "पाँच वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "दुई वर्षसम्म" भन्ने शब्दहरू राखी सो उपनियममा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर त्यसरी उपदान वा निवृत्तभरण दिंदा सम्बन्धित व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा अधिकारीको सिफारिसको आधारमा दिइनेछ ।"

(२) ठाँउ ठाँउमा रहेका "निजको परिवारलाई" भन्ने शव्दहरुको सट्टा "निजले आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिलाई र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई पनि इच्छाएको नभएमा निजको एकाघरको नजिकको हकवालालाई" भन्ने शव्दहरु राखिएका छन् ।

५०. **मूल नियमावलीको नियम १२४ मा संशोधन**: मूल नियमावलीको नियम १२४ को उपनियम (१) को ठाउँ ठाउँमा रहेको "तहको" भन्ने शव्दको सट्टा "तहमा अध्ययन गर्ने" भन्ने शव्दहरू राखिएका छन् ।

५१. **मूल नियमावलीको नियम १२७ मा संशोधन**: मूल नियमावलीको नियम १२७ को सट्टा देहायको नियम १२७ राखिएको छ :-

"१२७. बीमा सुविधा सम्बन्धी व्यवस्था: (१) शिक्षकको बीमा वापत नेपाल सरकारले एउटा सावधिक जीवन बीमा कोष स्थापना गर्नेछ ।

(२) प्रत्येक शिक्षकको मासिक तलबबाट दुई सय रूपैंयाँ कट्टा गरी उपनियम (१) बमोजिमको कोषमा जम्मा गरिनेछ र त्यति नै रकम नेपाल

सरकारले थप गरी बीमाङ्क रकम एकलाख रूपैंयाँको बीस वर्षे सावधिक जीवन बीमा गरिदिनेछ ।

(३) उपनियम (२) बमोजिमको बीमा कोषमा जम्मा भएको रकम मध्येबाट सो शिक्षक सेवा निवृत्त हुँदा निजलाई बीमाङ्क रकम र बोनस भुक्तानी दिइनेछ ।

(४) उपनियम (२) बमोजिम रकम कट्टा गर्न शुरु गरेको बीस वर्ष अवधि नपुगी कुनै शिक्षकको मृत्यु भएमा निजको परिवारले एक लाख रूपैंयाँ पाउनेछ र कुनै शिक्षक सेवाबाट अनिवार्य अवकाश भएमा देहाय बमोजिमको रकम प्रदान गरिनेछः-

(क) एक वर्षभन्दा कम अवधिको रकम कट्टि गरिएको भएमा दश हजार रूपैंयाँ,

(ख) एक वर्षदेखि पाँच वर्षसम्म रकम कट्टि गरिएको भएमा पच्चीस हजार रूपैंयाँ,

(ग) पाँच वर्षदेखि दश वर्षसम्म रकम कट्टि गरिएको भएमा पचास हजार रूपैंयाँ,

(घ) दश वर्षदेखि पन्ध्र वर्षसम्म रकम कट्टि गरिएको भएमा पचहत्तर हजार रूपैंयाँ,

(ङ) बीस वर्षसम्म रकम कट्टि गरिएको भएमा एक लाख रूपैंयाँ ।

तर निजले जम्मा गरेको रकम र सोको ब्याज, लाभांश रकम उल्लिखित रकमभन्दा बढी हुन आएमा सोही बराबरको रकम सो कोषबाट प्रदान गरिनेछ ।

(५) कुनै शिक्षकले उपनियम (२) बमोजिम रकम जम्मा गर्न शुरु गरेको बीस वर्ष नपुगी अनिवार्य अवकाश भएको अवस्थामा बाहेक अन्य जुनसुकै किसिमबाट सेवाबाट अलग भएमा त्यस्तो शिक्षकलाई समर्पण मूल्य बराबरको रकम उपलब्ध गराइनेछ ।

(६) उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाबाट अवकाश हुने शिक्षकले सावधिक जीवन बीमा वापत जम्मा गरेको रकम बीस वर्ष वा सो भन्दा कम अवधिमा परिपक्व हुने गरी निरन्तरता दिन सक्नेछ ।

तर सो वापत नेपाल सरकारले कुनै रकम व्यहोर्ने छैन ।”

५२. <u>मूल नियमावलीको नियम १३० मा संशोधन :</u> मूल नियमावलीको नियम १३० को सट्टा देहायको नियम १३० राखिएको छ :-

"१३०. <u>स्वेच्छिक अवकाश:</u> (१) कुनै शिक्षकले सेवाबाट अवकाश लिन इच्छा गरी निवेदन दिएमा नियुक्ति गर्ने अधिकारीले निजलाई जुनसुकै वखत सेवाबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।

(२) निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा गरेको शिक्षकले नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको अवधिभित्र स्वेच्छिक अवकाश लिनको लागि देहाय बमोजिमको सुविधा समेत दिने गरी स्वेच्छिक अवकाशको लागि आव्हान गर्न सक्नेछः-

(क) अवकाश प्राप्त गर्ने उमेर ननाघ्ने गरी बढीमा पाँच तलब बृद्धि गरी हुन आउने निवृत्तभरणको रकम,

(ख) निवृत्तभरण पाउने सेवा अवधि पूरा भएको हकमा एक वर्ष बराबरको एकमुष्ठ निवृत्तभरण रकम ।

(३) उपनियम (२) बमोजिम प्रकाशित सूचना अनुसार स्वेच्छिक अवकाश लिन चाहने शिक्षकले सोही सूचनामा उल्लिखित अवधिभित्र स्वेच्छिक अवकाश लिन सक्नेछ ।"

५३. <u>मूल नियमावलीको नियम १३१ मा संशोधन</u>: मूल नियमावलीको नियम १३१ को उपनियम (१) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छ :-

"<u>स्पष्टीकरण</u>: यस नियमको प्रयोजनको लागि शिक्षकको उमेर गणना गर्दा निजले सेवा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा निजले सेवा प्रवेश गर्दा भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेर मध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ ।"

५४. <u>मूल नियमावलीको नियम १३३ मा संशोधन :</u> मूल नियमावलीको नियम १३३ को उपनियम (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छ :-

"(ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने,"

५५. <u>मूल नियमावलीको नियम १३७ मा संशोधन :</u> मूल नियमावलीको नियम १३७ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) कार्य क्षमताको अभाव भएमा,"

५६. <u>मूल नियमावलीमा नियम १३७क. थप:</u> मूल नियमावलीको १३७ पछि देहायको नियम १३७क थपिएको छः-

"१३७क.<u>कार्यक्षमताको अभाव मानिने:</u> (१) कुनै शिक्षकले आफूले अध्यापन गराएको विषयमा तीन शैक्षिक सत्रसम्म लगातार देहायका आधारमा पचास प्रतिशतभन्दा कम विद्यार्थी उत्तीर्ण भएमा त्यस्तो शिक्षकमा कार्य क्षमताको अभाव भएको मानिनेछ :-

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको भौगोलिक इकाईको औसत उत्तीर्ण प्रतिशत}} \times १००$$

**<u>स्पष्टीकरण</u>:** यस उपनियमको प्रयोजनको लागि "भौगोलिक इकाई" भन्नाले सम्बन्धित विद्यालयको श्रोत केन्द्रलाई जनाउँछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक इकाईको औसत उत्तीर्ण प्रतिशतको अंक चालीस भन्दा कम भएमा चालीस अङ्कलाई आधार लिई हिसाब गरिनेछ ।"

५७. <u>मूल नियमावलीमा नियम १४३क. थप:</u> मूल नियमावलीको नियम १४३ पछि देहायको नियम १४३क. थपिएको छः-

"१४३क. <u>कारबाही गर्न सक्ने</u> : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यालयको विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत देहायको भन्दा कम भएमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो विद्यालयको प्रधानाध्यापकलाई पहिलो पटक भए सचेत गराउन र दोस्रो तथा तेस्रो पटक सोही क्रम लगातार दोहोरिएमा क्रमशः एक र दुई तलब बृद्धि रोक्का गर्नेछः-

(क) कक्षा तीन र पाँचको विद्यार्थीको सिकाई उपलब्धि परीक्षण र कक्षा आठको जिल्लास्तरीय परीक्षामा तीस प्रतिशत,

(ख) कक्षा दशको उत्तीर्ण परीक्षामा पन्ध्र प्रतिशत ।

(२) उपनियम (१) बमोजिमको परीक्षण तथा परीक्षामा कुनै विषयमा कुनै विद्यार्थीले प्राप्त गरेको विषयगत परीक्षाफलमा तीस प्रतिशतभन्दा कम विद्यार्थी उत्तीर्ण भएमा सम्बन्धित अधिकारीले त्यस्तो शिक्षकलाई पहिलो पटक

भए सचेत गराउन र दोस्रो तथा तेस्रो पटक सोही क्रम लगातार दोहोरिएमा क्रमशः एक र दुई तलब बृद्धि रोक्का गर्नेछ।"

५८. **मूल नियमावलीको नियम १४४ मा संशोधन** : मूल नियमावलीको नियम १४४ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) को खण्ड (ख) बमोजिम सामुदायिक विद्यालयका शिक्षकको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न व्यवस्थापन समितिले आवश्यक कार्यविधि बनाई जिल्ला शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।"

५९. **मूल नियमावलीमा परिच्छेद-२३क. थपः** मूल नियमावलीको परिच्छेद-२३ पछि देहायको परिच्छेद २३क. थपिएको छ :-

"परिच्छेद-२३क.

**सामुदायिक विद्यालयको कर्मचारी सम्बन्धी व्यवस्था**

१४४क. **नेपाल सरकारले अनुदान रकम उपलब्ध गराउनेः** नेपाल सरकारले विद्यालयका कर्मचारीको लागि निश्चित मापदण्डका आधारमा विद्यालयलाई वार्षिक रूपमा अनुदान उपलब्ध
गराउनेछ।

१४४ख. **कर्मचारी नियुक्ति गर्ने सम्बन्धी कार्यविधिः** (१) नियम १४४क. बमोजिम प्राप्त अनुदान र विद्यालयको आन्तरिक स्रोत समेतलाई विचार गरी व्यवस्थापन समितिले उपनियम (२) बमोजिमको कार्यविधिको अधीनमा रही विद्यालय कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्यविधि विद्यालयले सेवा शर्त सम्बन्धी प्रचलित कानूनको अधीनमा रही बनाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम बनाएको कार्यविधि विद्यालयले जिल्ला शिक्षा अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो कार्यविधि जिल्ला शिक्षा कार्यालयको अभिलेखमा दर्ता भएपछि कार्यान्वयन हुनेछ।

(४) विद्यालयले कुनै कर्मचारी नियुक्त नगरी त्यस्तो कर्मचारीले गर्ने कार्य विद्यालयको कुनै शिक्षकद्वारा गराउन सक्नेछ।

(५) उपनियम (४) बमोजिम काममा लगाइएको शिक्षकलाई व्यवस्थापन समितिले तोके बमोजिमको भत्ता दिइनेछ।

१४४ग. **कर्मचारीको समायोजनः** यो नियम प्रारम्भ हुनुअघि कुनै विद्यालयमा कानून बमोजिम कुनै कर्मचारी नियुक्त भई यो नियम प्रारम्भ हुँदाका बखतसम्म कार्यरत रहेको भए

त्यस्तो विद्यालयले नियम १४४ख. बमोजिमको कार्यविधिको अधीनमा रही त्यस्तो कर्मचारीलाई समायोजन गर्नु पर्नेछ ।"

६०. <u>मूल नियमावलीको नियम १४५ मा संशोधन</u> : मूल नियमावलीको नियम १४५को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिम विद्यालय वर्गीकरणको निमित्त विद्यालयले अनुसूची-२१ मा उल्लिखित मापदण्डका आधारमा आफूले के कस्तो किसिमको सुविधा उपलब्ध गराएको हो सो स्पष्ट खुलाई शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै जिल्ला शिक्षा अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन्: -

"(२क) विद्यालय वर्गीकरणको लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक – संयोजक

(ख) श्रोत व्यक्ति – सदस्य

(ग) जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको शिक्षकहरूको पेशागत संस्थाका प्रतिनिधि एकजना – सदस्य

(२ख) उपनियम (२क) बमोजिमको समितिको सिफारिस समेतलाई जाँचबुझ गरी नियम १४५क. बमोजिमको समितिले अनुसूची-२१ को अधीनमा रही त्यस्तो विद्यालयको वर्गीकरण गर्नेछ ।"

६१. <u>मूल नियमावलीको नियम १४७ मा संशोधन</u>: मूल नियमावलीको नियम १४७ को सट्टा देहायको नियम १४७ राखिएकोछ : -

"१४७. <u>शुल्क सम्बन्धी व्यवस्था</u>: (१) विद्यालयले विद्यार्थीसंग लिने शुल्क सामुदायिक विद्यालय, कम्पनी तथा शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयका लागि छुट्टाछुट्टै हुनेछ ।

(२) जिल्ला शिक्षा कार्यालयले नियम १४५क. बमोजिमको समितिसँग परामर्श गरी आफ्नो जिल्लाभित्रका "क", "ख", "ग" वा "घ" श्रेणीको विद्यालयहरूले निर्धारण गर्न पाउने शुल्कको अधिकतम सीमा तोकि शैक्षिक सत्र शुरु हुनु भन्दा तीन महिना अगावै सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) व्यवस्थापन समितिले शिक्षक-अभिभावक संघको कार्यकारी समितिसँग परामर्श समेत गरी उपनियम (२) बमोजिम तोकिएको अधिकतम

शुल्क सीमाभित्र रही आगामी शैक्षिक सत्रको लागि विद्यार्थीसंग लिने शुल्कको प्रस्तावित दर अनुसूची-२२ को अधीनमा रही प्रस्ताव गरी शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै जिल्ला शिक्षा कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रस्तावित शुल्कको दर प्राप्त भएमा जिल्ला शिक्षा कार्यालयले सो शुल्क अनुसूची-२२ को आधारमा प्रस्ताव भए वा नभएको सम्बन्धमा जाँचबुझ गरी त्यस्तो शुल्कको दर स्वीकृत गर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृत शुल्कको दर विद्यालयले आफ्नो सूचना पार्टीमा टाँस गर्नु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐन बमोजिम निशुल्क तथा अनिवार्य शिक्षा लागू भए पछि सामुदायिक विद्यालयले कक्षा आठसम्मको आधारभूत शिक्षा प्रदान गर्न विद्यार्थीबाट शुल्क लिन सक्ने छैन ।”

६२. <u>**मूल नियमावलीको नियम १५१ मा संशोधन**</u> : (१) मूल नियमावलीको नियम १५१ को,-

(१) उपनियम (२) मा रहेका “पाँच प्रतिशत” भन्ने शब्दहरूको सट्टा “दश प्रतिशतमा नघटाई” भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन् :-

“(४) उपनियम (३) बमोजिम प्राप्त निवेदनको छानविन गरी नियम १४५क. को उपनियम (१) को खण्ड (ख) बमोजिमको समितिले त्यस्तो छात्रवृत्ति पाउने विद्यार्थीहरूको छनौट गर्नेछ ।

(५) उपनियम (४) बमोजिम विद्यार्थी छनौट गर्ने सम्बन्धी बैठकमा जिल्ला स्थित पिछडिएको समुदायको प्रतिनिधित्व गर्ने संस्थाका प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।”

६३. <u>**मूल नियमावलीको नियम १५४ मा संशोधन**</u> : मूल नियमावलीको नियम १५४ को,-

(१) उपनियम (२) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएका छन्:-

“(क) माध्यमिक वा उच्च माध्यमिक विद्यालयको लागि पैतीस लाख रूपैंयाँ वा सो बराबरको घर वा जग्गा,

(ख) निम्न माध्यमिक विद्यालयको लागि बीस लाख रूपैंयाँ वा सो बराबरको घर वा जग्गा,

(ग) प्राथमिक विद्यालयको लागि दश लाख रूपैंयाँ वा सो बराबरको घर वा जग्गा ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएकोछ :-

"(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका र उपमहानगरपालिका क्षेत्रभित्रका विद्यालयको हकमा सो उपनियममा उल्लिखित रकमको दोब्बर रकम वा सो बराबरको घर वा जग्गा र नगरपालिका क्षेत्रभित्रका विद्यालयको हकमा पच्चीस प्रतिशत थप रकम वा सो बराबरको घर वा जग्गा विद्यालयलाई सहयोग गरेमा त्यस्तो सहयोग गर्ने व्यक्तिको नामबाट विद्यालयको नामाकरण गर्न सकिनेछ ।"

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) पहिल्यै नामकरण भईसकेको विद्यालयको नामसंग जोडेर विद्यालयको नामकरण गर्न चाहने व्यक्तिले उपनियम (२) वा (२क) बमोजिमको रकम वा सो बराबरको घर वा जग्गा विद्यालयलाई सहयोग गरी पहिलेको नामको पछाडि आफूले प्रस्ताव गरेको नाम जोड्न सक्नेछ ।"

(४) उपनियम (४) मा रहेका "उपनियम (२) बमोजिमको" भन्ने शब्दहरूको सट्टा "उपनियम (२) वा (२क) बमोजिमको" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपनियम (५) मा रहेका "उपनियम (२) वा (३) मा " भन्ने शब्दहरूको सट्टा "उपनियम (२), (२क) वा (३) मा" भन्ने शब्दहरू राखिएका छन् ।

६४. <u>मूल नियमावलीको नियम १६० मा संशोधन</u>: मूल नियमावलीको नियम १६० को उपनियम (२) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

(क१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्बन्धी विशेष योजनाको लागि नेपाल सरकार वा वित्तीय संस्थाबाट ऋण प्रवाह हुने भएमा सो प्रयोजनको लागि व्यवस्थापन समिति र नियम १५८ बमोजिको समितिको सिफारिसमा मन्त्रालयले स्वीकृत गरे बमोजिम विद्यालयको सम्पत्ति धितो राख्न,

(२) खण्ड (ख) मा रहेका "विद्यालयको नाममा कुनै बैङ्क वित्तीय संस्थासँग लिएको ऋण भुक्तानी गर्न वा" भन्ने शब्दहरु झिकिएका छन् ।

६५. **मूल नियमावलीमा नियम १६२क. थप :** मुल नियमावलीको नियम १६२ पछि देहायको नियम १६२क. थपिएको छ :-

"१६२क. शैक्षिक गुठी अन्तर्गत गरिएको लगानी हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्थाः शैक्षिक गुठी वा त्यस्ता गुठीका सञ्चालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा विद्यालय सञ्चालनमा बाधा नपर्ने गरी आफ्नो उत्तराधिकारीको रुपमा नियुक्त गरेको गुठियारलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न सक्नेछ ।"

६६. **मूल नियमावलीको नियम १७१ मा संशोधन :** मूल नियमावलीको नियम १७१ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष जिल्ला शिक्षा कार्यालयबाट नियुक्त लेखापरीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउनु पर्नेछ ।"

(२) उपनियम(३) पछि देहायको उपनियम (४) र (५) थपिएका छन् :-

"(४) यस नियम बमोजिम लेखा परीक्षकले विद्यालयको लेखा परीक्षण गर्ने सिलसिलामा अन्य कुराका अतिरिक्त विद्यालयको आम्दानी र खर्चका बारेमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग छलफल गरी आफ्नो प्रतिवेदन तयार गर्नु पर्नेछ ।"

(५) प्रधानाध्यापकले लेखा परीक्षकबाट प्राप्त प्रतिवेदन शिक्षक तथा अभिभावकको भेला गराई सार्वजनिक गरी त्यस्तो प्रतिवेदन र वासलात नियमित रुपमा जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।"

६७. **मूल नियमावलीको नियम १७१क. मा संशोधनः** मूल नियमावलीको नियम १७१क. को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएकोछः-

"(घ१) विद्यालयको उच्चतम कक्षामा अध्ययनरत प्रथम छात्र वा छात्रा -सदस्य"

६८. **मूल नियमावलीको नियम १८० मा संशोधनः** मूल नियमावलीको नियम १८० को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) संस्थागत विद्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र आफ्नो विद्यालयमा अघिल्लो शैक्षिक सत्रमा अध्ययनरत प्रति विद्यार्थी मासिक एक रूपैंयाँका दरले हिसाब गरी हुन आउने एकमुष्ट वार्षिक रकम ग्रामिण शिक्षा विकास कोषमा जम्मा गर्नु पर्नेछ ।"

६९. **मूल नियमावलीको नियम १८५ मा संशोधन :** मूल नियमावलीको नियम १८५ को-

(१) खण्ड (क) मा रहेका "निम्न माध्यमिक र" भन्ने शब्दहरू झिकिएका छन् ।

(२)   खण्ड (ख) मा रहेका "र निम्न माध्यमिक" भन्ने शब्द झिकिएका छन् ।

७०. **मूल नियमावलीमा नियम १८५ख. थप** : मूल नियमावलीको नियम १८५क. पछि देहायको नियम १८५ख. थपिएको छ :-

"१८५ख.**पीरमर्का, गुनासो सुनुवाई सम्बन्धी व्यवस्थाः** (१) ऐन, यस नियमावली तथा प्रचलित कानून बमोजिम अन्यत्र उजूरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा वाहेक कुनै शिक्षकलाई  आफ्नो सेवा, शर्त र सुविधा सम्बन्धी विषयमा मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो जिल्ला शिक्षा अधिकारी समक्ष राख्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको पीरमर्का वा गुनासोको जिल्ला शिक्षा अधिकारीले सुनुवाई गरी त्यस्तो पीरमर्का तथा गुनासो समाधान गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको पीरमर्का तथा गुनासो जिल्ला शिक्षा अधिकारीबाट समाधान हुन नसकेमा सम्बन्धित निर्देशक समक्ष राख्न सकिनेछ ।"

७१. **मूल नियमावलीमा नियम १८९क.थपः** मूल नियमावलीको नियम १८९ पछि देहायको नियम १८९क.थपिएको छ :-

"१८९क. **कोचिङ्ग कक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) कोचिङ्ग कक्षा सञ्चालन गर्न चाहने व्यक्तिले अध्यापन गर्ने कक्षा र विषय समेत खुलाई अनुमतिको लागि जिल्ला शिक्षा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा जिल्ला शिक्षा अधिकारीले आवश्यक शर्त तोकी निवेदन दिने व्यक्तिलाई  कोचिङ्ग कक्षा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमति लिनु अघि सम्बन्धित व्यक्तिले जिल्ला शिक्षा अधिकारीले तोकेको बैंकमा  पचास हजार रूपैंयाँ धरौटी राख्नु पर्नेछ ।

(४) अनुमति प्राप्त व्यक्तिले शर्त बमोजिम कोचिङ्ग कक्षा सञ्चालन नगरेमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो अनुमति जुनसुकै वखत रद्द गर्न सक्नेछ ।

तर यसरी अनुमति रद्ध गर्नु अघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।"

७२. **<u>मूल नियमावलीको नियम १९२ मा संशोधन</u>** : मूल नियमावलीको नियम १९२ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) प्रशिक्षार्थी आवास गृह सञ्चालन सम्बन्धी,"

७३. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>** : (१) मूल नियमावलीको,-

(१) अनुसूची-११क. मा रहेका "जिल्ला शिक्षा कार्यालय/क्षेत्रीय शिक्षा निर्देशनालय", "दुई वर्षे कार्य योजना" र स्थानीय निकाय,/संस्थाको" भन्ने शब्दहरुको सट्टा क्रमशः "जिल्ला शिक्षा कार्यालय", "तीन वर्षे कार्य योजना" र स्थानीय निकायको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची-११क. पछि यसैसाथ संलग्न भए बमोजिमको अनुसूची -११ख.,११ग. र ११घ. थपिएका छन् ।

(३) अनुसूची -१२ को खण्ड (घ) को उपखण्ड (१) सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

"(१) ९ कक्षा देखि १२ कक्षासम्म सञ्चालन भएको विद्यालयमा ८ जना शिक्षक ।"

(४) अनुसूची-१३ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-१३ राखिएको छ ।

(५) अनुसूची-१३क.झिकिएको छ ।

७४. **<u>खारेजी</u>** : मूल नियमावलीको नियम २२ख., २२च., २२झ. र १६७ खारेज गरिएका छन् ।

## अनुसूची-११ख.

(नियम ८क. को उपनियम (२) सँग सम्बन्धित)

## मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार

१. प्रति कक्षा न्यूनतम ११ जना विद्यार्थी हुनुपर्ने,

२. विद्यार्थीलाई आवश्यक पर्ने कक्षा कोठा, फर्निचर, पिउने पानी, खेलमैदान तथा पुस्तकालयको पर्याप्त व्यवस्था भएको हुनुपर्ने,

३. आवश्यक शिक्षकको व्यवस्था भएको हुनुपर्ने,

४. पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे बमोजिमका सिकाई उपलब्धिहरू पूरा हुने गरी शिक्षण सिकाई कार्यक्रमको तर्जुमा गरिएको हुनुपर्ने,

५. मन्त्रालयले तोके बमोजिम अन्य पूर्वाधार पूरा भएको हुनुपर्ने ।

अनुसूची-११ग.

(नियम ८ख. को उपनियम (१) सँग सम्बन्धित)

## कम्पनी अर्न्तगत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अर्न्तगत सञ्चालन गर्न दिइने निवेदन

श्री जिल्ला शिक्षा अधिकारीज्यू

..............................

विषयः **शैक्षिक गुठी अर्न्तगत विद्यालय सञ्चालन गर्न पाउँ ।**

महोदय,

मैंले/हामीले निम्न विद्यालय कम्पनी अर्न्तगत सञ्चालन गरेकोमा सो विद्यालय शैक्षिक गुठी अर्न्तगत सञ्चालन गर्न चाहेकोले देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. **विद्यालयकोः-**

(क) नामः

(ख) ठेगानाः .................. गा.वि.स./न.पा. ......................

वडा नं. ................गाउँ/टोल ............ फोनः

२. विद्यालय सञ्चालन भएको मिति :

३. निजी वा सार्वजनिक कुन शैक्षिक गुठी अर्न्तगत विद्यालय सञ्चालन गर्न चाहेको हो ? सो व्यहोरा :

४. अन्य आवश्यक कुराहरू :

माथि लेखिएका विवरणहरू ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको,-

सहीः

नामः

ठेगानाः

मितिः

**निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू:**

(१) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(२) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न कम्पनी रजिष्ट्रारको कार्यालयको सहमतिपत्र,

(३) कम्पनीको सञ्चालक तथा व्यवस्थापन समितिले गरेको निर्णय,

(४) प्रस्तावित शैक्षिक गुठीको विधान,

(५) निवेदकको नागरिकताको प्रतिलिपि ।

## अनुसूची-११घ.

(नियम ८ख. को उपनियम (५) सँग सम्बन्धित)

### कम्पनी अर्न्तगत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अर्न्तगत सञ्चालन गर्न दिइने स्वीकृति

श्री ..............................विद्यालय

...............................

त्यस विद्यालयले मिति ......................देखि कम्पनी अर्न्तगत सञ्चालन भएको विद्यालयलाई शैक्षिक गुठी (सार्वजनिक/निजी) अर्न्तगत सञ्चालन गर्ने सम्बन्धमा स्वीकृतिको लागि निवेदन दिएकोमा सो निवेदन उपर कारवाही हुँदा यस कार्यालय/निर्देशनालयको मिति...........को निर्णयानुसार त्यस विद्यालयलाई शैक्षिक गुठी (सार्वजनिक/निजी) को रुपमा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ ।

कार्यालयको छाप

स्वीकृति प्रदान गर्ने

अधिकारीको,-

सही :

नाम :

पद :

कार्यालय :

मितिः

## अनुसूची-१३

(नियम ९३ को उपनियम (५) सँग सम्बन्धित)

**प्रधानाध्यापक छनौटका आधारहरू**

| छनौटका आधार | अङ्क |
|---|---|
| १. **शैक्षिक योग्यता** | |
| (क) न्यूनतम शैक्षिक योग्यता | १५ |
| (ख) माथिल्लो शैक्षिक योग्यता | १० |
| २. **शिक्षण अनुभव** | २५ |
| ३. **तालीम** | |
| (क) शैक्षिक तालीम | १० |
| (ख) विद्यालय व्यवस्थापन तालीम | २ |
| ४. **अध्यापन गरेको विषयमा प्राप्त नतिजा** | १२ |
| ५. **विद्यालय विकास प्रस्ताव** | |
| (क) विद्यालय विकास प्रस्ताव | १० |
| (ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ४ |
| ६. **नेतृत्व लिने क्षमता** | |
| (क) जिल्ला शिक्षा अधिकारीको मूल्यांकनबाट | ५ |
| (ख) व्यवस्थापन समितिको मूल्यांकनबाट | ५ |
| (ग) सम्बन्धित विद्यालयका शिक्षकहरूको मूल्यांकनबाट | २ |
| जम्मा | १०० |

**द्रष्टव्यः**

(१) न्यूनतम शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १५ अंक, द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइनेछ । माथिल्लो शैक्षिक योग्यता वापत अंक प्रदान गर्दा प्रथम श्रेणीको लागि १० अंक, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क दिइनेछ । माध्यामिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम.फील. लाई जनाउँनेछ ।

तर दश वर्ष स्थायी सेवा गरेका शिक्षक उम्मेदवारको हकमा स्नातक तहको शैक्षिक योग्यताको क्रमशः प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ ।

(२) शिक्षण अनुभव वापत अंक प्रदान गर्दा सम्बन्धित तह (विद्यालय) मा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २ अङ्कका दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढीमा २५ अङ्क दिइनेछ ।

तर महिलाको हकमा २५ अङ्क ननाघ्ने गरी बीस प्रतिशत अङ्क थप गरिनेछ ।

(३) तालीम अन्तर्गत शैक्षिक तालीम वापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ । श्रेणी नखुलेको तालीमलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ । शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एउटा तालीम वापत मात्र अङ्क पाउनेछ ।

तालीम अन्तर्गत विद्यालय व्यवस्थापन तालीम वापत एकमुष्ट २ अंक प्रदान गरिनेछ ।

(४) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा चार अङ्कका दरले अधिकतम १२ अङ्क दिइनेछ । अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिंदा प्रति वर्ष देहायका आधारमा दिइनेछ :-

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उतीर्ण प्रतिशत}}{\text{सम्वन्धित विषयको भौगोलिक इकाइको औसत उतीर्ण प्रतिशत}} \times ४$$

(क) भौगोलिक इकाईको औसत उत्तीर्ण प्रतिशतको अंक ४० भन्दा कम भएमा ४० लाई मानिनेछ । यस खण्डको प्रयोजनका लागि “भौगोलिक इकाई” भन्नाले श्रोत केन्द्रलाई जनाउँछ ।

(ख) सम्बन्धित विद्यालय बाहेक अन्य विद्यालयका शिक्षक प्राध्यानाध्यापक उम्मेदवार भएको अवस्थामा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धीको आधारमा यस खण्ड अनुसारको मूल्याङ्कन गर्नुपर्नेछ ।

(५) देहायको कार्य ढाँचामा तयार भएको विद्यालय विकास प्रस्ताव वापत अंक १० र सोको प्रस्तुतीकरण वापत ४ अंक दिइनेछ । प्रस्ताव वापत अंक प्रदान गर्दा ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अंक दिनु परेमा सो को पुष्ट्याँई समेत दिनु पर्नेछ ।

(क) वर्तमान शैक्षिक र आर्थिक अवस्था,

(ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धी,

(ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर,

(घ) अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्य योजना,

(ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचकहरु,

(६) जिल्ला शिक्षा अधिकारी र व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेदवारको नेतृत्व लिने क्षमताको मूल्यांकन देहायका आधारमा गर्नु पर्नेछ :-

| मूल्यांकनका आधारहरू | अतिउत्तम (१.२५) | उत्तम (१.००) | मध्यम (०.७५) | सामान्य (०.५०) |
|---|---|---|---|---|
| (क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील | | | | |
| (ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| (ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति वीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| (घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

(७) सम्बन्धित विद्यालयका शिक्षकहरूले मूल्यांकन गरी अंक प्रदान गर्दा खण्ड (६) मा उल्लिखित मूल्याङ्कनको आधारमा अतिउत्तम, उत्तम, मध्यम, सामान्य वापत क्रमशः .५, .४, .३ र .२ अंक प्रदान गर्नु पर्नेछ। शिक्षक छनौट समितिले व्यवस्थापन समितिद्वारा तोकिएको अवधिभित्र शिक्षकहरूबाट प्राप्त मूल्यांकनको औषत अंक निकाल्नु पर्नेछ। शिक्षकहरूले अलग अलग फाराममा गोप्य मूल्यांकन गरी व्यवस्थापन समितिले तोकेको अवधिभित्र आफ्नो मूल्यांकन शिक्षक छनौट समितिलाई बुझाउनु पर्नेछ। उम्मेदवार हुनेले मूल्याङ्कनमा सहभागी हुन पाउने छैन।

(८) व्यवस्थापन समितिले उम्मेदवारको मूल्यांकन गर्दा बैठक बसी लिखित निर्णय गर्नु पर्नेछ।

(९) नेतृत्व लिने क्षमता वापत अंक प्रदान गर्दा समेत ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अंक दिनु परेमा सोको पुष्ट्याँई समेत गर्नु पर्नेछ।

(१०) शिक्षक छनौट समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपांग उम्मेदवार र अन्य उम्मेदवारको अंक बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्ग उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछ।

## सूचना २

## शिक्षक सेवा आयोग (पाँचौ संशोधन) नियमावली, २०६७

शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "शिक्षक सेवा आयोग (पाँचौ संशोधन) नियमावली, २०६७" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६ख. मा संशोधनः** शिक्षक सेवा आयोग नियमावली, २०५७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ६ख. को उपनियम (१) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्:-

"(ग) पुनः बहाली भएको स्थायी शिक्षक,

(घ) खण्ड (क) प्रारम्भ हुँदाका बखत स्थायी शिक्षक भई कुनै कारणले अध्यापनपत्र लिन नसकेका शिक्षक।"

३. **मूल नियमावलीको नियम ६घ. मा संशोधनः** मूल नियमावलीको नियम ६घ. को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्ति माध्यमिक विद्यालयको शिक्षकको अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्नेछ।

तर त्यस्तो व्यक्तिले सेवा शुरु गरेको दुई वर्षभित्र तालीम नलिएमा निजले प्राप्त गरेको अध्यापन अनुमतिपत्र स्वतः रद्द हुनेछ।"

४. **मूल नियमावलीमा नियम ६च. थप** : मूल नियमावलीको नियम ६ङ पछि देहायको नियम ६च. थपिएको छः-

"६च. दुर्गम क्षेत्रका विद्यालयमा पठन पाठन गर्न अस्थायी अध्यापन अनुमतिपत्र दिन सक्ने : (१) ऐनको दफा ११ङ को उपदफा (६क) बमोजिम विज्ञान, गणित वा अंग्रेजी विषयमा अध्यापन अनुमतिपत्र लिएको व्यक्ति उपलब्ध नभई दुर्गम क्षेत्रका विद्यालयमा त्यस्तो विषय पठन पाठन हुन नसक्ने भएमा आयोगले नियम ९ बमोजिमको तालीम नलिएको भए तापनि न्यूनतम शैक्षिक योग्यता पुगेका व्यक्तिहरुमध्येबाट अस्थायी अध्यापन अनुमतिपत्रको लागि दरखास्त आव्हान गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिने व्यक्तिहरुको आयोगले अन्तर्वाता लिई अन्तर्वातामा उत्तीर्ण हुने व्यक्तिलाई दुर्गम क्षेत्रका विद्यालयमा मात्र अध्यापन गर्न पाउने गरी अस्थायी अनुमतिपत्र दिन सक्नेछ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "दुर्गम क्षेत्र" भन्नाले मन्त्रालयले दुर्गम क्षेत्र भनी तोकेको कुनै जिल्ला, गाउँ विकास समिति वा विद्यालय रहेको क्षेत्रलाई जनाउनेछ।"

५. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को उपनियम (४) पछि देहायका उपनियम (५) र (६) थपिएका छन् :-

"(५) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुन अघि स्वीकृत स्थायी शिक्षक दरबन्दीमा अस्थायी नियुक्ति भई सेवामा रहेका शिक्षकहरुको हकमा बाहेक संवत् २०६८ साल वैशाख १ गतेदेखि प्राथमिक तहको शिक्षकको लागि प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको व्यक्ति उम्मेदवार हुन सक्ने छैन।

(६) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले दुई सय पूर्णाङ्कको शिक्षा सम्बन्धी विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालीम आवश्यक पर्ने छैन ।"

६. **<u>मूल नियमावलीमा नियम ११क. र ११ख. थप</u>**: मूल नियमावलीको नियम ११ पछि देहायका नियम ११क. र ११ख. थपिएका छन्:-

"११क. **<u>शिक्षक सेवालाई समावेशी बनाउनु पर्ने</u>**: (१) शिक्षक सेवालाई समावेशी बनाउन सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने शिक्षक पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका उम्मेदवारहरु बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | | |
|---|---|---|
| (क) | महिला | - तेत्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | -सत्ताईस प्रतिशत |
| (ग) | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/ जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय | - बाईस प्रतिशत |
| (घ) | दलित | - नौ प्रतिशत |
| (ङ) | अपाङ्ग | - पाँच प्रतिशत |
| (च) | पिछडिएको क्षेत्र | - चार प्रतिशत |

**<u>स्पष्टीकरण</u>**: यस नियमको प्रयोजनको लागि,-

(१) "आदिवासी/जनजाति, मधेशी, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका आदिवासी/जनजाति, मधेशी, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान सम्झनु पर्छ ।

(२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिम महिलाको लागि छुट्टयाइएको तेत्तीस प्रतिशत स्थान मध्ये तीन प्रतिशत स्थान दलित समुदायका महिला र दुई प्रतिशत स्थान मुस्लिम समुदायका महिलाका लागि छुट्टयाउनु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ख), (ग) वा (घ) बमोजिम उम्मेदवार हुने व्यक्तिले कुनै एक पदको लागि भएको विज्ञापनमा कुनै एक खण्डको समुदायको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ ।

तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन।

(४) उपनियम (१) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घतांक (फ्याक्शन) आएमा त्यस्तो घतांक जुन समूहको हकमा घतांक आएको हो सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(५) उपनियम (१) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ ।

(७) उपनियम (१) बमोजिम निर्धारण गरिएको प्रतिशतद्धारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ ।

(८) उपनियम (१) को प्रयोजनको लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका आदिवासी/जनजाति, मधेशी, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(९) उपनियम (१) बमोजिमको प्रतिशत बमोजिम पद संख्या निर्धारण गर्दा कुनै विवाद आएमा आयोगले गरेको निर्णय अन्तिम हुनेछ ।

११ख. <u>पदसंख्या निर्धारण गर्ने</u>: (१) नियम ८ बमोजिम जिल्ला शिक्षा कार्यालयबाट रिक्त दरबन्दीको विवरण प्राप्त भएपछि आयोगले रिक्त पदमध्ये खुल्ला प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कन, आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा पूर्ति हुने प्रतिशतको आधारमा पदसंख्या निर्धारण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदसंख्या निर्धारण गर्दा नियम ११क. बमोजिम पूर्ति हुने पदसंख्या समेत निर्धारण गर्नु पर्नेछ ।"

७. <u>मूल नियमावलीमा नियम १३क. थप</u> : मूल नियमावलीको नियम १३ पछि देहायको नियम १३क. थपिएको छः-

"१३क. <u>समावेशी पदमा दरखास्त बुझाउने आधार</u>: नियम ११क. बमोजिम छुट्टयाइएका पदमा दरखास्त दिंदा देहायका आधारमा दिनु पर्नेछ :-

(क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थर भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको आधारमा,

(ख) तराई– मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट तराई–मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा

अल्पसंख्यक मुसलमान समुदाय भनी प्रमाणित भएको र त्यसरी नतोकिएसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट तराई–मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय भनी प्रमाणित भएको आधारमा,

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थर भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित भएको आधारमा,

(घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित भएको आधारमा,

(ङ) पिछडिएको क्षेत्रको सम्बन्धमा विज्ञापन भएको जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट दरखास्त दिंदाका वखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित भएको आधारमा ।"

८. **मूल नियमावलीको नियम २२ मा संशोधन :** मूल नियमावलीको नियम २२ को,-

(१) खण्ड (क) मा रहेका "दश अङ्क" भन्ने शब्दहरुको सट्टा "बाह्र अङ्क" भन्ने शव्दहरू राखी सोही खण्डमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवामा अस्थायी काम गरे वापतको अङ्क दिइने छैन ।"

(२) खण्ड (ग) मा रहेका "बाह्र अङ्क" भन्ने शब्दहरुको सट्टा "दश अङ्क" भन्ने शब्दहरु राखिएका छन् ।

९. **मूल नियमावलीको नियम २४ मा संशोधन:** मूल नियमावलीको नियम २४ को,-

(१) उपनियम (१) मा रहेका "प्रतिक्षा सूचीमा" भन्ने शब्दहरूको सट्टा "वैकल्पिक सूचीमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) पछि देहायका उपनियम (३), (४) र (५) थपिएका छन्:-

"(३) आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरुमध्येबाट करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनको लागि सिफारिस भएका पदसंख्याको पचास प्रतिशतले हुने संख्यामा छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचीमा स्थायी नियुक्ति हुन नसकेका वैकल्पिक उम्मेदवार समेत योग्यताक्रमको आधारमा स्वतः समावेश हुनेछ ।

(५) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही तहमा पुनः विज्ञापन भई उम्मेदवार सिफारिस भएमा अघिल्लो वैकल्पिक उम्मेदवारको सूची स्वतः रद्द हुनेछ ।"

१०. **मूल नियमावलीको नियम २५ मा संशोधनः** मूल नियमावलीको नियम २५ को उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) सिफारिस गरिएको उम्मेदवारले सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले तीस दिनभित्र नियुक्ति नलिएमा,"

११. **मूल नियमावलीको नियम २८ मा संशोधनः** मूल नियमावलीको नियम २८ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएका छ :-

"(२) आयोगले शिक्षकलाई बढुवाको लागि सिफारिस गर्दा निजको कार्य क्षमताको आधारमा गर्नेछ र शिक्षकको कार्य क्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा १०० अङ्क दिइनेछः-

| | | |
|---|---|---|
| (क) | नोकरीको ज्येष्ठता वापत | ३५ |
| (ख) | शैक्षिक योग्यता वापत | २० |
| (ग) | तालीम वापत | १० |
| (घ) | कार्य सम्पादनलाई देहाय बमोजिम विभाजन गरिनेछः- | |
| | (१) अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि वापत | १५ |
| | (२) शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान गरे वापत | ५ |
| | (३) विशेष जिम्मेवारी वापत | ५ |
| | (४) कार्य सम्पादनको आधारमा सुपरीवेक्षक र पुनरावलोकन समितिले गरेको मूल्याङ्कन वापत | १०" |

१२. **मूल नियमावलीको नियम २९ मा संशोधनः** मूल नियमावलीको नियम २९ को सट्टा देहायको नियम २९ राखिएको छः-

"२९. **नोकरीको जेष्ठताः** (१) ज्येष्ठता वापत अङ्क प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको २.५ अङ्कका दरले र अस्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको १.२५ अङ्कका दरले बढीमा ३५ अङ्क प्रदान गरिनेछ ।

तर

(१) महिला, दलित र अपांग भए एक वर्ष अनुभव थप गरी ३५ अङ्कमा नबढ्ने गरी सोही अनुपातमा अङ्क प्रदान गरिनेछ ।

(२) एक शैक्षिक सत्र भन्दा कम अवधिको चानचुन महिना वा दिनको लागि समानुपातिक हिसावले अङ्क दिइनेछ ।

(३) गयल भएको वा असाधारण विदा वा वेतलबी विदामा बसेको अवधिको अङ्क दिइने छैन् ।

(२) कार्य सम्पादन मूल्याङ्कनको आधारमा बढुवा गर्ने प्रयोजनको लागि स्थायी सेवा बीचमा टुटेको भए सो अवधि कट्टा गरी बाँकी काम गरेको अवधि समेत गणना गरिनेछ ।

तर तलब नपाउने गरी विद्यालयमा अनुपस्थित रहेको अवधिलाई काम गरेको अवधि मानिने छैन ।"

१३. <u>मूल नियमावलीको नियम ३० मा संशोधनः</u> मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएको छ

"३०. <u>शैक्षिक योग्यताः</u> (१) शिक्षकलाई शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा सेवा प्रवेशका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १५ अङ्क, द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइनेछ ।

(२) न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक उपाधि हासिल गरेको भए एक शैक्षिक उपाधिसम्मको लागि प्रथम श्रेणीको लागि ५ अङ्क, द्वितीय श्रेणीको लागि ४ अङ्क र तृतीय श्रेणीको लागि ३ अङ्क दिइनेछ ।

(३) कुनै शिक्षकले न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो एक भन्दा बढी उपाधि हासिल गरेको भएमा शिक्षकले रोजेको कुनै एक उपाधिको मात्र अङ्क दिइनेछ ।

(४) श्रेणी नखुलेको शैक्षिक योग्यता वापत द्वितीय श्रेणीको अङ्क दिइनेछ ।"

१४. <u>मूल नियमावलीको नियम ३१ मा संशोधनः</u> मूल नियमावलीको नियम ३१ को सट्टा देहायको नियम ३१ राखिएको छ :-

"३१. <u>तालीम</u> : (१) सम्बन्धित तह वा सो भन्दा माथिल्लो स्तरको शिक्षा शिक्षणसँग सम्बन्धित दश महिना वा सो भन्दा बढी अवधिको मान्यता प्राप्त तालीम प्राप्त गरेको वा प्राथमिक शिक्षकको हकमा ४०० पूर्णाङ्कको शिक्षा विषय लिई प्रवेशिका परीक्षा उत्तीर्ण गरेकोमा तालीम वापत प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ ।

(२) श्रेणी नखुलेको तालीम वापत द्वितीय श्रेणीको अङ्क दिईनेछ ।

(३) शिक्षा विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह, स्नातक तह वा स्नातकोत्तर तह उत्तीर्ण गरेको सम्बन्धित तहको शिक्षकलाई तालीम बापत १० अङ्क ननाघ्ने गरी न्यूनतम योग्यता र तालीम वापतको दुवै अङ्क दिईनेछ ।"

१५. <u>मूल नियमावलीको नियम ३२ मा संशोधन</u> : मूल नियमावलीको नियम ३२ को सट्टा देहायको नियम ३२ राखिएको छ :-

"३२. <u>कार्य सम्पादनः</u> शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्न अनुसूची-१ बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ ।"

१६. **<u>मूल नियमावलीमा नियम ३२क., ३२ख., ३२ग. र ३२घ. थप</u>:** मूल नियमावलीको नियम ३२ पछि देहायका नियम ३२क., ३२ख., ३२ग. र ३२घ. थपिएका छन् :-

"३२क. **<u>अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि</u>:** (१) अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि वापत १५ अङ्कमा नबढ्ने गरी प्रति वर्ष बढीमा तीन अङ्कका दरले देहायका आधारमा पछिल्लो पाँच वर्षको अङ्क गणना गरिनेछ:-

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उतीर्ण प्रतिशत}}{\text{सम्वन्धित विषयको भौगोलिक इकाइको औसत उतीर्ण प्रतिशत}} \times ३$$

**<u>स्पष्टीकरण</u>:** यस नियमको प्रयोजनको लागि,-

(१) "अध्यापन गरेको विषय" भन्नाले साप्ताहिक रूपमा सबैभन्दा बढी साप्ताहिक घण्टी (क्रेडिट आवर) पढाएको विषयलाई सम्झनु पर्छ र सो शब्दले कुनै शिक्षकको त्यसरी पढाएको विषय एकभन्दा बढी भए सम्बन्धित शिक्षकले रोजेको विषयलाई जनाउँछ।

(२) "भौगोलिक इकाई" भन्नाले स्रोत केन्द्र सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिम हिसाव गर्दा कुनै भौगोलिक इकाइको औसत उत्तीर्ण प्रतिशत ४० भन्दा कम भएमा ४० अङ्क मानिनेछ ।

(३) उपनियम (१) बमोजिम हिसाव गर्दा विद्यार्थीले कक्षा ३ वा ५ को उपलब्धि परीक्षा, कक्षा ८ को जिल्लास्तरीय परीक्षा, प्रवेशिका वा उच्च माध्यमिक परीक्षामा प्राप्त गरेको औसत अङ्कलाई आधार मान्नु पर्नेछ ।

(४) कुनै शिक्षकले कक्षा ३, ५, ८, १० वा १२ मा अध्यापन नगरी प्राथमिक, निम्न माध्यमिक, माध्यमिक वा उच्च माध्यमिक तहका अन्य कक्षामा अध्यापन गरेको भए पनि कक्षा ३, ५, ८, प्रवेशिका वा उच्च माध्यमिक परीक्षालाई आधार मानी अङ्क गणना गर्नु पर्नेछ ।

(५) अपाङ्गलाई मात्र अध्यापन गर्ने शिक्षकको हकमा विद्यार्थीले प्राप्त गरेको औसत अङ्कलाई ५० ले भाग गरी ३ ले गुणन गरेर वार्षिक अङ्क निकाल्नु पर्नेछ ।

तर त्यस्तो अङ्क ३ भन्दा बढी हुने छैन ।

(६) स्रोत व्यक्तिको रूपमा काम गर्ने गरी खटिएको शिक्षकको हकमा आफ्नो क्षेत्रभित्रका विद्यालयले कक्षा ३, ५, ८, प्रवेशिका वा उच्च माध्यमिक परीक्षामा प्राप्त गरेको समग्र औसत अङ्कलाई ५० ले भाग गरी ३ ले गुणन गरेर वार्षिक अङ्क निकाल्नु पर्नेछ ।

(७) कुनै शिक्षकको शैक्षिक सत्रको वीचमा सरुवा भई विद्यालयमा कार्यरत अवधि छ महिनाभन्दा कम भएमा निजले छ महिना भन्दा वढी अवधि काम गरेको विद्यालयको नतिजालाई आधार मानी अङ्क प्रदान गरिनेछ ।"

३२ख. **<u>शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान</u>:** (१) शिक्षकलाई निजले अध्यापन गरेको विषयमा शिक्षण सुधारको लागि अनुसन्धान गरी प्रतिवेदन तयार गरे वापत प्रत्येक वर्ष १ अङ्कका दरले बढीमा ५ अङ्क दिइनेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन शिक्षकको हकमा प्रधानाध्यापक तथा विद्यालय निरीक्षकले र प्रधानाध्यापकको हकमा सम्बन्धित स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकले प्रमाणित गर्नु पर्नेछ ।

३२ग. **विशेष जिम्मेवारीः** (१) विद्यालयको प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, अतिरिक्त क्रियाकलाप संयोजक जस्ता विशेष जिम्मेवारी लिएका शिक्षकलाई प्रत्येक वर्ष १ का दरले बढीमा ५ अङ्क दिइनेछ।

(२) विशेष जिम्मेवारी वापतको अङ्क दिंदा पूरै वर्ष काम नगरेको शिक्षकको हकमा काम गरेको अवधिको समानुपातिक हिसाबले अङ्क दिइनेछ ।

३२घ. **कार्य सम्पादनको आधारमा सुपरीवेक्षक र पुनरावलोकन समितिले गरेको मूल्याङ्कनः** (१) शिक्षकको कार्य सम्पादन मूल्याङ्कन वापत देहायको अङ्क दिइनेछ :-

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम अङ्क ८,

(ख) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम अङ्क २ ।

(२) शिक्षकको सुपरीवेक्षक प्रधानाध्यापक र पुनरावलोकन समितिमा सम्बन्धित विद्यालय निरीक्षक, प्रधानाध्यापक र स्रोत व्यक्ति रहनेछन् ।

तर प्रधानाध्यापक र शिक्षक समान तह वा श्रेणीको भएमा वा कुनै शिक्षक प्रधानाध्यापक भन्दा माथिल्लो श्रेणीको भएमा त्यस्तो शिक्षकको सुपरीवेक्षक प्राथमिक र निम्न माध्यमिक शिक्षकको हकमा स्रोत व्यक्ति र माध्यमिक शिक्षकको हकमा सम्बन्धित विद्यालय निरीक्षक हुनेछ ।

(३) निम्न माध्यमिक र माध्यमिक विद्यालयको प्रधानाध्यापकको सुपरीवेक्षक सम्बन्धित विद्यालय निरीक्षक र पुनरावलोकन समितिमा जिल्ला शिक्षा अधिकारी, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सम्बन्धित विद्यालय निरीक्षक तथा प्राथमिक विद्यालयका प्रधानाध्यापकको हकमा सम्बन्धित स्रोत व्यक्ति सुपरीवेक्षक र पुनरावलोकन समितिमा सम्बन्धित विद्यालय निरीक्षक, विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सम्बन्धित स्रोत व्यक्ति हुनेछन् ।

(४) कुनै कारणले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पद रिक्त भएमा अध्यक्षको काम गर्ने व्यक्तिले सोही व्यहोरा जनाई पुनरावलोकन समितिको सदस्य भई काम गर्नु पर्नेछ ।

(५) कार्य सम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा यो उपनियम प्रारम्भ भएपछि हुने पहिलो विज्ञापनमा पछिल्लो एक वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको अङ्क हिसाव गरिनेछ र त्यसपछि दोस्रो वर्षमा हुने विज्ञापनमा दुई वर्षको, तेस्रो र चौथो वर्षमा क्रमशः तीन र चार वर्षको औसत अङ्क गणना गरिनेछ ।

(६) कार्य सम्पादन मूल्याङ्कन फारामको खण्ड (घ) गोप्य रूपमा भर्नु पर्नेछ ।

(७) सम्बन्धित शिक्षकले शैक्षिक सत्र शुरु भएको मितिले तीस दिनभित्र कार्य सम्पादन मूल्याङ्कन फाराममा आफूले भर्नु पर्ने विवरण भरी सम्बन्धित विद्यालयमा दर्ता गरी प्रधानाध्यापकलाई बुझाउनु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम प्राप्त कार्य सम्पादन मूल्याङ्कन फाराम प्राप्त भएमा प्रधानाध्यापक आफैं सुपरीवेक्षक भए पन्ध्र दिनभित्र  मूल्याङ्कन गरी पुनरावलोकन समितिको मूल्याङ्कनका लागि जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ । प्रधानाध्यापक आफू सुपरीवेक्षक नभएमा त्यस्तो फाराम सात दिनभित्र सुपरीवेक्षक समक्ष पठाउनु पर्नेछ ।

(९) पुनरावलोकन समितिले आफू समक्ष प्राप्त भएको कार्य सम्पादन मूल्याङ्कन फाराम शैक्षिक सत्र शुरु भएको मितिले नब्बे दिनभित्र मूल्याङ्कन गरी सक्नु पर्नेछ ।

(१०) निर्धारित अवधिभित्र कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पेश नगर्ने शिक्षक, समयमा मूल्याङ्कन नगर्ने सुपरीवेक्षक तथा पुनरावलोकन समितिका पदाधिकारीहरू उपर अख्तियारवालाले विभागीय कारबाही गर्नु पर्नेछ ।

तर काबू वाहिरको परिस्थितिको कारण निर्धारित अवधिभित्र कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गर्न वा मूल्याङ्कन गर्न नसकिएमा सोको स्पष्ट लिखित कारण खुलाई जिल्ला शिक्षा अधिकारीले यस नियमको अधीनमा रही शैक्षिक सत्र शुरु भएको छ महिनाभित्र त्यस्तो कार्य सम्पादन मूल्याङ्कन पेश गर्न वा मूल्याङ्कन गर्न वा गराउन सक्नेछ ।

(११) एक शैक्षिक सत्रभन्दा लामो अवधि विदा वा काजमा बस्ने शिक्षकको कार्य सम्पादन मूल्याङ्कन निज विद्यालयमा कार्यरत रहँदाको पछिल्लो शैक्षिक सत्रमा पाएको अङ्क बरावर हुने गरी गणना गरिनेछ ।

(१२)  पुनरावलोकन समितिबाट कार्य सम्पादन मूल्याङ्कन भईसकेपछि सम्बन्धित शिक्षकले निजले प्राप्त गरेको कार्य सम्पादन मूल्याङ्कनको वापतको अङ्क हेर्न निवेदन दिएमा जिल्ला शिक्षा अधिकारीले निजलाई त्यस्तो अङ्कबारे जानकारी दिनु पर्नेछ ।

तर पुनरावलोकन समितिले दिएको अङ्क जानकारी दिइने छैन ।

(१३) उपनियम (१२) बमोजिम जानकारी लिएपछि कुनै शिक्षकलाई सुपरीवेक्षकले गरेको मूल्याङ्कन चित्त नबुझेमा सोको ठोस आधार र कारण सहित सात दिनभित्र जिल्ला शिक्षा अधिकारी समक्ष उजूरी गर्न सक्नेछ ।

(१४) उपनियम (१३) बमोजिम उजूरी प्राप्त भएमा जिल्ला शिक्षा अधिकारीले सो उजूरी उपर सम्बन्धित सुपरीवेक्षक र पुनरावलोकन समितिका सदस्यसँग परामर्श गरी आवश्यक छानविन गर्नेछ र त्यसरी छानविन गर्दा निजको उजूरी मनासिब देखिएमा एक महिनाभित्र त्यस्तो कार्य सम्पादन मूल्याङ्कन फाराममा प्राप्त अङ्क सुपरीवेक्षक र पुनरावलोकन समितिका सदस्यसँग परामर्श गरी संशोधन गर्न  सक्नेछ ।

(१५) उपनियम (१४) बमोजिम संशोधन गरेको निर्णयको प्रतिलिपि सोही कार्य सम्पादन मूल्याङ्कन फारामसँग नत्थी गरी राख्नु पर्नेछ ।"

१७. <u>मूल नियमावलीको नियम ३४ मा संशोधन:</u> मूल नियमावलीको नियम ३४ को उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छनः-

"(४) उपनियम (१) बमोजिम पर्न आएको उजूरी झुट्टा ठहरिएमा उजूरी पछि हुने बढुवामा त्यस्तो उजूरीकर्ताको पहिलो पटकको उजूरी भए २ अङ्क र दोस्रो पटकको उजूरी भए ३ अङ्क घटाइनेछ ।

(५) उपनियम (४) बमोजिम भएको कारबाहीको सूचना सम्बन्धित शिक्षक तथा सम्बन्धित शिक्षक कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयलाई दिनु पर्नेछ ।"

१८. **मूल नियमावलीको नियम ३९ मा संशोधनः** मूल नियमावलीको नियम ३९ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) यस नियम बमोजिम बढुवा हुन कुनै शिक्षकले निवेदन नदिएको भए तापनि त्यस्तो शिक्षकसँग सम्बन्धित कागजातको आधारमा आयोगले बढुवाका लागि सिफारिस गरेको शिक्षकलाई शिक्षक किताबखानाले एक श्रेणी माथिको तलब रकमबाट हिसाब गरी निवृत्तिभरण निर्धारण गर्नु पर्नेछ ।"

१९. **मूल नियमावलीमा नियम ३९क. थपः** मूल नियमावलीको नियम ३९ पछि देहायको नियम ३९क.थपिएको छः-

"३९क. **कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्थाः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको श्रेणीका पदमा कम्तीमा देहाय बमोजिमको सेवा अवधि पूरा गरेका शिक्षकले सेवा प्रवेश गर्दा निर्धारित आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता सेवा प्रवेश हुनु भन्दा अघि वा पछि प्राप्त गरेको भए त्यस्तो शिक्षकलाई एक श्रेणी माथिको पदमा बढुवा गरिनेछः –

| | |
|---|---|
| (क) प्राथमिक तृतीय श्रेणी | - १० वर्ष |
| (ख) प्राथमिक द्वितीय वा निम्न माध्यमिक. तृतीय श्रेणी | - १२ वर्ष |
| (ग) निम्न माध्यमिक द्वितीय वा माध्यमिक तृतीय श्रेणी | - १५ वर्ष |
| (घ) माध्यमिक द्वितीय श्रेणी | - १८ वर्ष |

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका द्वितीय र तृतीय श्रेणीका शिक्षकले एउटै श्रेणीको स्थायी पदमा क्रमशः १३, १५ र १८ वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरी सेवा प्रवेशका वखत निर्धारित विषयमा न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको भए त्यस्तो शिक्षकलाई एक श्रेणी माथिको पदमा बढुवा गरिनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको प्रथम श्रेणीको शिक्षक र देहायको अवस्थामा कुनै पनि शिक्षक बढुवा हुन सक्ने छैनः-

(क) नियम २७ को प्रतिबन्धात्मक वाक्यांशको अवस्थामा,

(ख) पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त नगरेको अवस्थामा ।

(४) उपनियम (१) वा (२) बमोजिम बढुवा गरिएको शिक्षकको अभिलेख आयोगले अद्यावधिक गरी सोको जानकारी शिक्षक किताबखानालाई समेत दिनु पर्नेछ ।

(५) यस नियम बमोजिम बढुवा भएको शिक्षक जुनसुकै कारणले सेवाबाट अवकाश भएमा वा निज माथिल्लो पदमा बढुवा भएमा निजको पद संम्बन्धित तहको तृतीय श्रेणीमा कायम हुनेछ ।

(६) यस नियम बमोजिमको बढुवा एक पटकको लागि मात्र गरिनेछ र आयोगले बढुवा सम्बन्धी कार्य संवत् २०६८ साल चैत्र मसान्त भित्र सम्पन्न गर्नु पर्नेछ ।

(७) कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा गरिने बढुवाको दरखास्त आव्हान गर्ने, नतिजा प्रकाशन गर्ने प्रकृया र अवधि, बढुवा उपरको उजूरीको कार्यविधि सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।"

२०. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूची-१ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-१ राखिएको छ-

## अनुसूची- १
(नियम ३२ को उपनियम (२) संग सम्बन्धित)

**<u>शिक्षकको कार्य सम्पादन मूल्याङ्कन फाराम</u>**

का.स.मू. फाराम दर्ता नं. :      दर्ता मिति :                  दर्ता भएको विद्यालय

शिक्षक/प्रधानाध्यापकको नाम थर:

शिक्षक संकेत नं.:

तह:

श्रेणी:

विद्यालयको नाम ठेगाना:

मूल्याङ्कन अवधिः ................................ देखि ...................................... सम्म

### खण्ड क

१. अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि **वार्षिक पूर्णाङ्क : ३**

(क) अध्यापन गरेको तह:

(ख) अध्यापन गरेको कक्षा:

(ग) अध्यापन गरेका विषय:

(घ) आधार लिइएको परीक्षा:

(१) कक्षा ३ को उपलब्धि परीक्षा

(२) कक्षा ५ को उपलब्धि परीक्षा

(३) कक्षा ८ को जिल्लास्तरीय परीक्षा

(४) प्रवेशिका परीक्षा

(५) उच्च माध्यमिक परीक्षा

(६) अपाङ्गलाई अध्यापन गर्ने विद्यार्थीको परीक्षा

(७) स्रोत व्यक्तिको रूपमा खटिएको शिक्षकको हकमा स्रोत केन्द्रभित्रको विद्यार्थीहरूले प्राप्त गरेको परीक्षाहरूको समग्र परीक्षाफलको औसत

(८) अन्य:

(ङ) सम्बन्धित विषयको परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेको औषत अङ्क: ...................................

(च) $\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उतीर्ण प्रतिशत}}{\text{सम्वन्धित विषयको भौगोलिक इकाइको औसत उतीर्ण प्रतिशत}} \times ३$

शिक्षकले प्राप्त गरेको अङ्कः [ ]

सिफारिस गर्नेको दस्तखत .................................

नाम थर ____________________

पद ____________________

प्रमाणित गर्ने प्रधानाध्यापक, स्रोत व्यक्ति वा विद्यालय निरीक्षकको दस्तखत : ...................................

नाम थर ____________________

पद ____________________

आफूले अध्यापन गरेको विद्यार्थीले प्राप्त गरेको परीक्षाफल अनुसार गणना भएको छ भनी दस्तखत गर्ने सम्बन्धित शिक्षकको दस्तखत ...................................

(प्रधानाध्यापकको मूल्याङ्कन गर्ने भए स्रोत व्यक्ति र विद्यालय निरीक्षकले माथि उल्लेखित कुरा सिफारिस गरी दस्तखत गर्नु पर्नेछ ।)

**खण्ड ख**

२. **शिक्षण कार्यसँग सम्बन्धित अनुसन्धानको विवरण** वार्षिक पूर्णाङ्कः १

(क) अनुसन्धान गरिएको विषयको संक्षिप्त व्यहोराः

(ख) अनुसन्धानबाट प्राप्त निष्कर्षको संक्षिप्त व्यहोराः

(ग) संलग्न गरिएको प्रतिवेदनको पृष्ठ संख्याः

(घ) शिक्षकले प्राप्त गरेको अङ्कः ...................................

(शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान गरी प्रतिवेदन पेश भएको हो भनी सिफारिस गर्ने शिक्षकको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा स्रोत व्यक्ति र विद्यालय निरीक्षकले दस्तखत गर्नु पर्नेछ ।)

सिफारिस गर्नेको दस्तखत ____________________ प्रमाणित गर्नेको दस्तखत ________
________

नाम थर ____________________ नाम थर ____________

पद ____________________ पद ____________

संकेत नं. ____________________ संकेत नं. ____________

मिति ____________________ मिति ____________

**खण्ड ग**

**३. विशेष जिम्मेवारीको विवरण**

**वार्षिक पूर्णाङ्क : १**

| | | |
|---|---|---|
| (क) | प्रधानाध्यापक ............. देखि ............. सम्म | |
| (ख) | सहायक प्रधानाध्यापक ............. देखि ............. सम्म | |
| (ग) | विशेष शिक्षा शिक्षक ............. देखि ............. सम्म | |
| (घ) | वर्ग शिक्षक ............. देखि ............. सम्म | |
| (ङ) | बहुवर्ग शिक्षक ............. देखि ............. सम्म | |
| (च) | विद्यार्थी-परामर्श तथा सल्लाह सेवा संयोजक...... देखि .......... सम्म | |
| (छ) | संगीत, गायन र नृत्य संयोजक ............. देखि ............. सम्म | |
| (ज) | खेलकुद संयोजक ............. देखि ............. सम्म | |
| (झ) | अतिरिक्त क्रियाकलाप संयोजक ............. देखि ............. सम्म | |
| (ञ) | परीक्षा र विद्यार्थी मूल्याङ्कन संयोजक ........ देखि ............. सम्म | |
| (ट) | विद्यालय समुदाय सम्बन्ध संयोजक ......... देखि ............. सम्म | |
| (ठ) | अन्य ....................... देखि ............. सम्म | |

शिक्षकले प्राप्त गरेको अङ्क [ ]

सिफारिस गर्ने प्रधानाध्यापक वा स्रोत व्यक्तिको दस्तखतः ............................

नाम थर ____________________

पद ____________________

संकेत नं. ____________________

मिति ____________________

प्रमाणित गर्ने स्रोत व्यक्ति वा विद्यालय निरीक्षकको दस्तखतः ..........................

नाम थर ______________________

पद ______________________

संकेत नं. ______________________

मिति ______________________

## खण्ड घ

### कार्य सम्पादनको आधारमा सुपरीवेक्षक र पुनरावलोकन समितिको मूल्याङ्कन

| | | सुपरीवेक्षक ८ | | | | पुनरावलोकन समिति २ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | मूल्याङ्कनका आधारहरू | अतिउत्तम (१.००) | उत्तम (०.७५) | मध्यम (०.५०) | सामान्य (०.२५) | अतिउत्तम (०.२५) | उत्तम (०.२०) | मध्यम (०.१५) | सामान्य (०.१०) |
| १. | विषयवस्तुको ज्ञान | | | | | | | | |
| २. | शिक्षण पेशा प्रतिको निष्ठा, लगनशीलता र आचारसंहिताको पालना | | | | | | | | |
| ३. | विद्यालयको शैक्षिक गुणस्तर प्रति देखाउने तदारुखता, उत्तरदायित्व बहन र जिम्मेवारी बोध | | | | | | | | |
| ४. | अध्यापन विधि र सीपको प्रयोग | | | | | | | | |
| ५. | विद्यालय समय, कक्षा कोठा समयको पालना, सदुपयोग तथा कक्षा व्यवस्थापन र सञ्चालन | | | | | | | | |
| ६. | अतिरिक्त क्रियाकलापप्रति सक्रियता एवं संलग्नता | | | | | | | | |
| ७. | शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोग | | | | | | | | |
| ८. | विद्यार्थीको प्रगतिको अध्यावधिक अभिलेख राख्ने र अभिभावकहरूलाई जानकारी गराउने | | | | | | | | |
| प्रत्येक महलको जम्मा | | | | | | | | | |
| जम्मा अङ्क : अक्षरमा: | | | | | | जम्मा अङ्क : अक्षरमा: | | | |
| सुपरीवेक्षक र पुनरावलोकन समितिले दिएको जोड्दा हुन आउने कुल अङ्क : अक्षरमा : | | | | | | | | | |
| कैफियत : | | | | | | | | | |

| सुपरीवेक्षकको नाम : | पुनरावलोकन समिति |
|---|---|
| | १ नाम : |
| पदः | पदः दस्तखत : |
| | संकेत नं. |
| दस्तखत : | |
| | २ नाम : |

| | |
|---|---|
| मिति :<br><br>संकेत नं. | पदः                    दस्तखत :<br>संकेत नं.<br><br>३ नाम :<br>पदः                    दस्तखत :<br>मिति :<br>संकेत नं. |

आज्ञाले,
शंकरप्रसाद पाण्डे
नेपाल सरकारको सचिव